## अध्याय एक

# शोधपरिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषाको समाजपरक अध्ययन नै सामाजिक भाषाविज्ञान हो । समाज र भाषाबीचको अन्तरसम्बन्धलाई केलाउने र सामाजिक सम्बन्धका आधारमा भाषाको अध्ययन गर्ने भाषाविज्ञानको नवीनतम् शाखा सामाजिक भाषाविज्ञान हो । भाषा सामाजिक सम्प्रेषण एवम् व्यवहारको माध्यम भएकाले समाजमा के कस्ता सन्दर्भमा कसरी भाषिक प्रयोग हुन्छ भन्ने कुराको अध्ययन समाजभाषाविज्ञानले गर्दछ । समाजविना कुनै पनि भाषाको परिकल्पना गर्न नसकिने भएकाले यसको महत्त्व सामाजिक धरातलमै केन्द्रित रहन्छ । त्यसैगरी समाजको विकास सँगसँगै भाषाको पनि विकास हुँदै जान्छ । यसरी सामाजिक दृष्टिले भाषाको अध्ययन गर्ने विधा नै सामाजिक भाषाविज्ञान हो (भण्डारी र पौड्याल, २०६८ : ०२) । सामाजिक भाषाविज्ञान भाषा र समाजबीचका विविध सम्बन्धको अध्ययन भएकाले यसको क्षेत्र व्यापक रहेको पाइन्छ । यसमा भाषाको उत्पत्ति, विकास, भाषिक भेद, भाषा नीति र योजना, द्विभाषिकता, बहुभाषिकता, कोड परिवर्तन, कोड मिश्रण जस्ता सम्पूर्ण पक्षको अध्ययन विश्लेषण गरिन्छ ।

भाषा सामाजिक वस्तु भएकाले यसको अस्तित्व समाजमै रहेको हुन्छ । समाजमा विभिन्न गुण र विशेषता बोकेका व्यक्तिहरूको उपस्थिति रहन्छ । जसले गर्दा सामाजिक संरचना पनि भिन्नाभिन्नै हुने गर्दछ । मानिसहरूको आस्था, सामाजिक व्यवस्था र संस्कृतिले पनि भाषामा परिवर्तन ल्याएको हुन्छ । समाजमा विभिन्न वर्ग, जात, लिङ्ग, शिक्षा, धर्म, उमेर, पेशा/व्यवसाय भएका मानिसहरू संरचित हुन्छन् । तिनीहरूले प्रयोग गर्ने भाषामा पनि आफ्नै प्रकारका विशेषताहरू देखा पर्दछन् । जसले गर्दा सामाजिक धरातलभन्दा बाहिर भाषाको कल्पना पनि गर्न सकिँदैन । समाजमा उच्च वर्गले बोल्ने

भाषा र निम्न, मध्यम वर्गले बोल्ने भाषामा विभेदकारिता सिर्जना भएको पाइन्छ । त्यसै गरी महिलाहरूले बोल्ने भाषा र पुरुषहरूले बोल्ने भाषामा पनि फरकपन पाइन्छ ।

सैद्धान्तिक पक्षका आधारमा नेपाली साहित्यमा स्थापित कृतिहरूमा समाजभाषिक अध्ययन थोरै मात्रामा भएकाले यो अध्ययन औचित्यपूर्ण रहेको छ । हरेक साहित्यिक कृतिमा समाजको वास्तविक चित्र पाइन्छ । जसले गर्दा कृतिहरूमा विभिन्न पात्रको उपस्थिति गराई सामाजिक जनजीवनका यथार्थता पहिल्याइएका हुन्छन् । सामाजिक जनजीवनको यथार्थ प्रस्तुति पाइने 'नम्रता' उपन्यास कृष्ण अविरलद्वारा सृजित एक सामाजिक उपन्यास हो । पूर्वी नेपालको जीवन्त परिवेशको चित्रण गर्नु, पात्रहरूलाई वर्गीय आधारमा वर्गीकरण गर्नु, उक्त पात्रलाई लिङ्ग, शिक्षा, उमेर र वर्गका आधारमा भाषिक प्रयोगको स्थिति पत्ता लगाउनु जस्ता उद्देश्यमा केन्द्रित रहेको छ । लैङ्गिक रूपमा पुरुषप्रधान समाजमा नारीहरूले भोग्नुपर्ने दुःख र कठिनाइको यथार्थ प्रस्तुति 'नम्रता' उपन्यासमा भेटिन्छ । अध्ययन कार्यलाई पूर्णता दिनका लागि मुख्य रूपमा पुस्तकालयीय अध्ययन र अंशतः वर्णनात्मक र व्याख्या विधिलाई प्रमुख आधार बनाएर 'नम्रता' उपन्यासमा उभ्याइएका पात्रहरूले प्रयोग गरेको भाषाको वर्गगत, लिङ्गगत, उमेरगत र शैक्षिक अवस्थाका आधारमा व्याख्या विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## १.२ समस्याकथन

कुनै पनि अनुसन्धेय विषयवस्तु नै त्यस अनुसन्धानको समस्या हो (बन्धु, २०७० : १७) । विषयवस्तुको आवश्यकतालाई मध्यनजर गरी अनुसन्धान गरिन्छ अर्थात् अनुसन्धान गर्न आवश्यक भएको विषयमा मात्रै अनुसन्धान गरिने गरिन्छ । अनुसन्धान गर्दा जुनसुकै विषयवस्तुको पनि समस्या पहिचान गरी त्यस बारेमा खोज, अनुसन्धान अध्ययन विश्लेषण गरिनुपर्दछ । शोधकार्य गरिनुको उद्देश्य पनि कुनै न कुनै समस्याको यथार्थ पहिल्याउनुसँग जोडिएको हुन्छ । कुनै पनि समाजमा देखिने सामाजिक छायाँ साहित्यमा पनि परेको हुन्छ । त्यस दृष्टिले हेर्दा *नम्रता* उपन्यासमा पनि समाजको वास्तविक परिवेश देख्न पाइन्छ । समाजको आर्थिक, सामाजिक, शैक्षिक परिवेशका साथै वर्ग, जाति, लिङ्ग, उमेर आदिको सङ्गम स्थानको रूपमा *नम्रता* उपन्यास रहेको छ ।

यी विविध समाजभाषिक सिद्धान्तमा आधारित भएर अनुसन्धानको समस्या पहिचान गर्न खोजिएको छ । समग्रमा भन्नुपर्दा *नम्रता* उपन्यासको समाजभाषिक अध्ययन नै यस अनुसन्धानको प्रमुख समस्या हो । प्रस्तुत शोधकार्य निम्नलिखित समस्यामा केन्द्रित रहेको छ :

(क) *नम्रता* उपन्यासका पात्रहरूलाई वर्गीय, लिङ्ग, उमेर र शैक्षिक अवस्थाका आधारमा के कसरी वर्गीकरण गर्न सकिन्छ :

(ख) *नम्रता* उपन्यासका पात्रहरूले प्रयोग गर्ने भाषाको उमेर वर्गगत, लिङ्गगत, उमेर र शैक्षिक अवस्थाका आधारमा भाषिक प्रयोगको स्थिति कस्तो छ ?

(ग) समाजभाषिक सिद्धान्तका आधारमा *नम्रता* उपन्यासको भाषाशैली कस्तो रहेको छ ?

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि शोधकार्यको उद्देश्य सम्बद्ध शोधसमस्याको प्रामाणिक तथा प्राज्ञिक समाधान प्राप्त गर्नु हो । शोधसमस्याले शोधार्थीलाई स्पष्ट बाटो देखाउने काम गर्दछ भने उद्देश्यले ती समस्यालाई समाधान गर्ने बाटो देखाउँछ (भण्डारी र अन्य, २०६९ : ११९) । हरेक कार्यको पछाडि कुनै न कुनै उद्देश्य रहेको हुन्छ । उद्देश्यविना कुनै पनि कार्य गर्न सम्भव हुँदैन । कुनै पनि शोधकार्यमा सफलता नाप्नका लागि त्यसमा भएको उद्देश्यले सहयोग गर्दछ । उद्देश्यको निर्धारण गर्दा तर्कपूर्ण समाधानको खोजी गरिनुपर्दछ । उद्देश्य स्पष्ट, सरल, विशिष्ट, सूत्रात्मक, अभिधात्मक र समस्याको समाधानतर्फ केन्द्रित हुनुपर्छ । प्रस्तुत शोधकार्यका लागि निम्नलिखित उद्देश्यहरू रहेका छन् :

(क) *नम्रता* उपन्यासका पात्रहरूलाई वर्गीय, लैङ्गिक, उमेर र शैक्षिक अवस्थाका आधारमा वर्गीकरण गर्नु,

(ख) *नम्रता* उपन्यासका पात्रहरूले प्रयोग गर्ने भाषाको वर्गगत, लिङ्गगत, उमेरगत र शैक्षिक अवस्थाका आधारमा भाषिक प्रयोगको स्थिति पत्ता लगाउनु,

(ग) समाजभाषिक सिद्धान्तका आधारमा *नम्रता* उपन्यासको भाषाशैलीको अध्ययन गर्नु ।

## १.४ अध्ययनको सान्दर्भिकता र उपादेयता

सामाजिक भाषाविज्ञान प्रायोगिक भाषाविज्ञानको एक महत्त्वपूर्ण शाखा हो । भाषा समाजबाट निर्मित र नियन्त्रित भई समाजकै सक्रियतामा गतिशील र परिवर्तनशील हुने भएकाले भाषाको समाजपरक अध्ययन तथा अनुसन्धानको औचित्यपूर्ण स्थान रहेको छ । प्रस्तुत शोधले समाजभाषिक अध्ययनलाई गति प्रदान गर्दै स्पष्ट आधार प्रदान गर्न र पछिल्ला अध्ययन अनुसन्धानहरूलाई मार्गदर्शन गर्न सहयोग पुऱ्याउने देखिन्छ । कुनै पनि देशको समाज, भाषा, साहित्य, संस्कृति र कलाको संस्थागत विकास र उत्थान गरी भाषिक समृद्धि हासिल गर्न भाषाको समाजभाषिक अध्ययन औचित्यपूर्ण हुन्छ । समाजभाषिक अध्ययनसम्बन्धी शोधकार्यहरू न्यून मात्रामा भएकाले तत्सम्बन्धी अभाव परिपूर्ति गर्न पनि समाजभाषिक अध्ययनको औचित्य आवश्यक रहेको छ । *नम्रता* उपन्यास कृष्ण अविरलद्वारा लिखित सामाजिक कृति हो । समाजको यथार्थ प्रस्तुति भएको प्रस्तुत उपन्यासमा समाजका विभिन्न वर्गीय, क्षेत्रीय, लिङ्गीय, शैक्षिक, बौद्धिक, आर्थिक अवस्थाका पात्रहरूको मनोदशा र वस्तुगत यथार्थको चित्रणसमेत पाइन्छ । *नम्रता* उपन्यास समाजलाई जीवन्त बनाउने उपन्यास हो । विर्तामोड, झापा, इलाम तथा पूर्वी नेपालको सहरी र ग्रामीण परिवेशलाई केन्द्रबिन्दुमा राखी त्यस समाजको रहनसहन, जीवनशैली, बोलीचाली आदिलाई वस्तुगत, भावगत र जीवनगत वर्णन गरिएकाले समाजभाषिक अध्ययनका निम्ति कृष्ण अविरलको *नम्रता* उपन्यास सान्दर्भिक र औचित्यपूर्ण रहेको छ ।

यस उपन्यासको अध्ययनपश्चात् भाषाशैलीका दृष्टिले गरिने अध्ययनलाई पनि मद्दत मिल्नुका साथै अन्य साहित्यिक कृतिको समाजभाषिक अध्ययन गर्नमा पनि यो अध्ययन सान्दर्भिक रहेको छ । साहित्यिक कृतिको कथानक पात्र चरित्र, रहनसहन, बोलीचाली, परम्परा, भाषाशैलीको व्यवस्थित अध्ययनले कृतिको कृतिपरक र भाषिक ओझ बढ्न जान्छ । उपन्यासमा प्रस्तुत गरिएको समाज र विभिन्न वर्गका पात्रहरूको प्रतिनिधित्व गराएर समाजको यथार्थता र सजीवता प्रदान गर्न तथा बौद्धिक भाषा र सामाजिक ज्ञान प्राप्त गरी भाषा र समाजको उत्थान गर्न सान्दर्भिक रहेको छ ।

समाजभाषिक अध्ययनकाा आधारमा समालोचना तथा अध्ययन गर्न समेत उक्त शोधकार्य उपयोगी रहेको छ ।

## १.५ अध्ययनको सीमाङ्कन

अनुसन्धानको क्षेत्र व्यापक र विस्तृत हुने भएकाले सीमा निर्धारण गर्न आवश्यक ठानिन्छ । शोधकार्यको सिलसिलामा निर्धारित शीर्षकअन्तर्गत कुन कुन पक्षको अध्ययन गर्ने हो ? उक्त कुराको किटान गर्नुलाई शोधकार्यको सीमा भन्ने गरिन्छ । व्यापकता र गहिराइलाई सीमित गर्नुपर्ने हुन्छ । निश्चित सीमाभित्र नबाँधिएको अनुसन्धानको मार्ग विचलित हुन सक्छ । यस कारण पनि शोधकार्यको सीमाङ्कन अपरिहार्य हुन्छ । प्रस्तुत शोधकार्यलाई निम्नलिखित विषय र दायराभित्र केन्द्रित गरेर अध्ययन अनुसन्धानलाई अगाडि बढाइएको छ :

(क) प्रस्तुत शोधकार्य *नम्रता* उपन्यासको समाजभाषिक अध्ययनमा मात्र केन्द्रित रहेको छ ।

(ख) प्रस्तुत शोधकार्यलाई *नम्रता* उपन्यासभित्रको भाषाशैलीको समाजभाषिक अध्ययनमा मात्र सीमित गरिएको छ ।

(ग) प्रस्तुत शोधकार्य *नम्रता* उपन्यासका पात्रहरूले प्रयोग गरेको भाषाको वर्गगत, लिङ्गगत, उमेरगत एवम् शैक्षिक आधारमा भाषिक स्थिति पहिल्याउनुमा मात्र केन्द्रित रहेको छ ।

(घ) प्रस्तुत शोध *नम्रता* उपन्यासलाई समाजभाषिक सिद्धान्तका आधारमा विश्लेषण गर्नका लागि बीसजना पाठकको अभिमत सङ्कलन गरेर मात्र निष्कर्षमा पुऱ्याएको छ ।

## १.६ शोधपत्रको रूपरेखा

शोधपत्रको संरचनालाई सङ्गठित र व्यवस्थित बनाउनका लागि विभिन्न अध्याय र त्यसअन्तर्गत शीर्षक र उपशीर्षक दिएर संरचित गरी शोधपत्रको रूपरेखा निर्माण गर्न सकिन्छ । प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :

अध्याय एक : शोधपरिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्याय तीन : शोधविधि र अध्ययन प्रक्रिया

अध्याय चार : वर्गगत, लिङ्गगत, उमेरगत र शैक्षिक आधारमा पात्रहरूको वर्गीकरण

अध्याय पाँच : पात्रहरूले प्रयोग गरेको भाषिक स्थितिको विश्लेषण

अध्याय छ : समाजभाषिक सिद्धान्तका आधारमा *नम्रता* उपन्यासको भाषाशैलीको अध्ययन

अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसामग्री सूची

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक परिचय

## २.१ पूर्वकार्यको पुनरावलोकन

अनुसन्धान गर्नुभन्दा पहिले सम्बन्धित विषयमा लेखिएका ग्रन्थ, अनुसन्धान, पत्रपत्रिका तथा अन्य श्रव्यदृश्य सामग्री पढेर, सुनेर, अध्ययन मनन गरेर र तिनको सङ्क्षिप्त टिप्पणीमूलक समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । पूर्वकार्यको समीक्षालाई पूर्वाध्ययन समीक्षा, पूर्वसाहित्यको अवलोकन, पूर्वसाहित्य समीक्षा आदि भिन्न भिन्न नामले पुकारिएको पाइन्छ (भट्टराई, २०७० : १६९) । अनुसन्धानका सिलसिलामा सम्बन्धित विषयमा त्यसअघि सम्पन्न गरिएका कार्यहरू (पुस्तक, शोधप्रतिवेदन, पत्रपत्रिका, लेख आदि) को व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्यको क्रमबद्ध समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो (बन्धु, २०७० : ३८) । पूर्वकार्यको समीक्षाबाट शोधार्थीलाई सैद्धान्तिक पृष्ठभूमिको बारेमा जानकारी हुने, समस्याहरूको अवगत हुने, अध्ययन गर्न खोजेको विषयमा थप मार्गनिर्देशन प्राप्त हुनुका साथै अनुसन्धान कार्यलाई सजिलोसँग अगाडि बढाउन मद्दत पुगेको छ ।

### २.१.१ कृति समीक्षा

अधिकारी (२०६७) द्वारा *सामाजिक र प्रायोगिक भाषाविज्ञान*मा भाषाका सामाजिक भेदहरू, द्विभाषिकता, बहुभाषिकता, भाषायोजना, भाषानीतिका साथै सामाजिक संरचनाले भाषामा परेका प्रभाव आदिको उल्लेख गरिएको छ । यसले सामाजिक भेदहरू (वर्ग, लिङ्ग, जाति, उमेर, धर्म) आदिको पहिचान गर्न सहयोग पुग्ने र समाजभाषिक अध्ययन सरल, सहज र विश्वसनीय तथा वैध बनाउन सहयोगी भएको छ ।

भण्डारी र पौड्याल (२०६८) द्वारा *सामाजिक र मनोभाषाविज्ञान* नामक पुस्तक प्रकाशित गरिएको छ । उक्त पुस्तकमा सामाजिक भाषाविज्ञानको परिचय, परिभाषाहरू भाषिक समुदाय, भाषिक भेद, भाषिक र सांस्कृतिक सापेक्षताको सिद्धान्त, भाषा र भाषिक

सम्पर्क, भाषाद्वैत, द्विभाषिकता, बहुभाषिकता, भाषिक निरन्तरता, कोड मिश्रण, कोड परिवर्तन, भाषानीति र योजना, भाषाविज्ञान र भाषाशिक्षण लगायतका विषयमा चर्चा गरिएको पाइन्छ । जसले गर्दा अनुसन्धेय विषयलाई उपयुक्त मार्गनिर्देश गर्न सजिलो भएको छ ।

गौतम र चौलागाई (२०६७) द्वारा *भाषाविज्ञान* नामक पुस्तक प्रकाशन गरिएको पाइन्छ । उक्त पुस्तकमा समाज भाषाविज्ञानको परिचय, समाज भाषाविज्ञानको प्रारम्भ र मान्यता, समाज भाषाविज्ञानका प्रमुख धारणा, भाषिक समुदाय, भाषिक विविधता, कोड चयन, कोड परिवर्तन, कोड मिश्रण, भाषा विस्थापन, भाषिक मृत्यु, नेपालको भाषानीति र योजना, नेपाली भाषाको मानकीकरण र आधुनिकीकरण, नेपाली भाषाका भाषिक भेद ( सामाजिक, क्षेत्रीय, प्रयोजननपरक) आदिका बारेमा चर्चा गरिएको पाइन्छ । उक्त पक्षको अध्ययनबाट नेपाली भाषाको सामाजिक भेद, प्रयोजनपरक भेद, क्षेत्रीय भेद पहिचानका साथै समाजभाषिक अध्ययन गर्न सहयोग पुगेको छ ।

भट्टराई (२०७०) द्वारा *भाषिक अनुसन्धान विधि परिचय र प्रयोग*मा भाषिक अनुसन्धानको परिचय, भाषिक अनुसन्धानको स्वरूप र प्रकृति, भाषिक अनुसन्धानका विधिहरू, नमुना छनोट, तथ्याङ्क सङ्कलन र विश्लेषण, शोधप्रस्तावका अङ्गहरू जस्ता विषयमा विस्तृत चर्चा गरिएको छ । यस पुस्तकको अध्ययनले प्रस्तुत शोधकार्यलाई पूर्णता दिन सहयोग पुगेको छ ।

भण्डारी र अन्य (२०६९) द्वारा *भाषिक अनुसन्धान विधि* नामक पुस्तक लेखिएको छ । यसमा भाषिक अनुसन्धानको परिचय, भाषिक अनुसन्धनका विधिहरू, तथ्याङ्क सङ्कलन र उपकरण निर्माण, भाषिक अनुसन्धानमा साङ्ख्यिकीको प्रयोग, नेपालमा भाषिक अनुसन्धानको स्थिति, अनुसन्धान प्रस्ताव र प्रतिवेदन जस्ता पक्षहरूमा व्यापक चर्चा गरिएको पाइन्छ । जसले गर्दा अनुसन्धेय विषयको सैद्धान्तिक आधार प्रदान गर्न सहयोग प्रदान गरेको छ ।

### २.१.२ शोधपत्र पुनरावलोकन

डुम्रे (२०६५) द्वारा '*बसाइँ* उपन्यासको समाजभाषिक अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको पाइन्छ । उक्त शोधको मुख्य उद्देश्य *बसाइँ* उपन्यासका पात्रहरूलाई विभिन्न वर्ग, जाति र लिङ्गका आधारमा वर्गीकरण गरी ती पात्रहरूले प्रयोग गरेको भाषिक स्थिति पत्ता लगाउनु र समाजभाषिक सिद्धान्तका आधारमा उक्त पात्रहरूको भाषाशैलीको अध्ययनमा केन्द्रित रहेको छ । प्रस्तुत शोधमा मुख्यतः पुस्तकालयीय अध्ययन र आंशिक रूपमा वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । सामाजिक विषयवस्तु समेटिएको उक्त उपन्यासमा समाजमा रहेका वर्गीय विभेद, लैङ्गिक र बौद्धिक स्तरले समाज प्रत्यक्ष प्रभावित रहेको निष्कर्ष देखाइएको छ । उक्त अध्ययनले अनुसन्धेय विषयवस्तुलाई पूर्णता दिन उपयोगी र सहयोगी भूमिका निर्वाह गरेको छ ।

ढकाल (२०६९) द्वारा '*नरेन्द्र दाइ* उपन्यासको समाजभाषिक अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त अध्ययनपत्रमा भाषाशैलीका दृष्टिले उपन्यासको समाजभाषिक अध्ययन गर्नु, उपन्यासका पात्रहरूलाई वर्गीय, लैङ्गिक, उमेर र शैक्षिक अवस्थाका आधारमा वर्गीकरण गर्नु, उपन्यासका पात्रहरूले प्रयोग गरेको भाषाको वर्गगत, लिङ्गगत, उमेरगत र शैक्षिक अवस्थाका आधारमा भाषिक प्रयोगको स्थिति पत्ता लगाउनु जस्ता उद्देश्यमा केन्द्रित रहेको छ । शोधपत्रलाई पूर्णता दिनका लागि पुस्तकालयीय अध्ययन कार्य र विश्लेषणात्मक विधिलाई प्रमुख आधार बनाइएको छ । उक्त उपन्यासमा वर्गीय विभेदका कारण समाज प्रभावित रहेको पाइन्छ, शिक्षित र अशिक्षित पात्रहरूको भाषिक प्रयोगमा भिन्नता रहेको छ । उक्त शोधपत्रमा शब्दभण्डारका दृष्टिले जातीय र प्रयोजनपरक भेदहरू रहेको निष्कर्षमा पुग्न सकिन्छ । जसले गर्दा यस शोधकार्यले पात्रहरूले प्रयोग गरेको भाषालाई लिङ्ग, उमेर, शिक्षा र वर्गका आधारमा वर्गीकरण गर्न सहयोग पुऱ्याएको छ ।

रोका (२०७०) द्वारा '*मुलुक बाहिर* उपन्यासको समाजभाषिक अध्ययन' शीर्षकमा शोधकार्य तयार गरिएको छ । उक्त शोधकार्यमा समाजभाषिक सिद्धान्तको आधारमा *मुलुक बाहिर* उपन्यासको भाषिक अध्ययन गर्नु, उपन्यासका पात्रहरूको भाषिक प्रयोगको स्थिति पत्ता लगाउनु र उपन्यासका पात्रहरूलाई शैक्षिक, लैङ्गिक र वर्गीय आधारमा वर्गीकरण गर्नु मुख्य उद्देश्य राखिएको छ । उक्त अध्ययनमा पुस्तकालयीय अध्ययन र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । उपन्यासमा वर्गीय दृष्टिकोणका आधारमा निम्न वर्गका पात्रहरूको बाहुल्यता रहेको, पात्रहरूले प्रयोग गर्ने भाषामा भाषिक भेद रहेको, अशिक्षित पात्रले प्रयोग गर्ने भाषाभन्दा शिक्षित पात्रले प्रयोग गरेको भाषामा विभेद रहेको निष्कर्ष निकालिएको पाइन्छ । यस आधारमा हेर्दा यस अध्ययनले प्रस्तुत शोधकार्यलाई सम्पन्न गर्न उपयोगी भएको छ ।

पौडेल (२०७०) द्वारा '*एक चिहान* उपन्यासको समाजभाषिक अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको छ । भाषाशैलीका दृष्टिले *एक चिहान* उपन्यासको अध्ययनलाई शोधकार्यको प्रमुख उद्देश्य बनाइएको छ । उपन्यासका पात्रहरूलाई वर्गीय, लैङ्गिक र शैक्षिक अवस्थाका आधारमा वर्गीकरण गर्नु र भाषिक प्रयोगको स्थिति पत्ता लगाउने उद्देश्यका साथ अगाडि बढाइएको छ । छ अध्यायमा संरचित यस अध्ययनका लागि पुस्तकालयीय अध्ययनको प्रयोग गरिएको पाइन्छ । उपन्यासका पात्रहरूलाई वर्गीकरण गर्दा उच्च वर्ग र निम्न वर्गका पात्रहरूले प्रयोग गरेको भाषाशैली फरक रहेको, शिक्षित व्यक्तिले स्तरीय मानक भाषाको प्रयोग गरेको र लैङ्गिक आधारमा महिला र पुरुषले प्रयोग गर्ने भाषामा भिन्नता रहेको निष्कर्ष निकालिएको छ । यस आधारमा निर्दिष्ट शोधकार्यलाई सम्पन्न गर्न उपयोगी भएको छ ।

पौडेल (२०७२) द्वारा '*पानीको घाम* उपन्यासको समाजभाषिक अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यमा लिङ्ग, वर्ग, उमेर र शिक्षाका आधारमा पात्रहरूको वर्गीकरण गर्नु, पात्रहरूले प्रयोग गरेको भाषिक स्वरूपको विश्लेषण गर्नु, समग्र उपन्यास *पानीको घाम* उपन्यासको भाषाशैलीको अध्ययन गर्नु जस्ता उद्देश्यमा केन्द्रित रहेको छ । प्रस्तुत शोधपत्र पाँच अध्यायमा संरचित रहेको पाइन्छ । उक्त शोधमा

मूलतः पुस्तकालयीय अध्ययन प्रक्रिया र आन्तरिक रूपमा वर्णनात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । त्यसैगरी *पानीको घाम* उपन्यासलाई प्राथमिक स्रोत र अन्य ग्रन्थ, शोधपत्र, पाठ्यसामग्रीलाई गौण सामग्रीको रूपमा लिएर व्याख्या विश्लेषण गरिएको छ । उपन्यासमा शिक्षित र अशिक्षित पात्रले प्रयोग गरेको भाषामा शब्दचयन र भाषाशैलीका दृष्टिले अन्तर पाइन्छ । विशेषगरी पश्चिम नेपालमा बोलिने स्थानीय परिवेशको यथार्थ चित्रण गर्दै स्थानीय भाषाबाट समाज प्रभावित भएको निष्कर्षमा पुऱ्याइएको छ । यस आधारमा निर्दिष्ट शोधकार्यलाई पूर्णता प्रदान गर्न सहयोग पुऱ्याएको छ ।

सापकोटा (२०७२) द्वारा '*प्रेतकल्प* उपन्यासको समाजभाषिक अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधकार्यमा समाजभाषिक सिद्धान्तका आधारमा प्रेतकल्प उपन्यासको भाषाशैलीको अध्ययन गर्नु, उपन्यासका पात्रहरूले विश्लेषण गरेको भाषालाई वर्गीय आधारमा विश्लेषण गर्नु, *प्रेतकल्प* उपन्यासका पात्रहरूले प्रयोग गरेका भाषाको लिङ्गगत, उमेरगत र शैक्षिक अवस्थाका आधारमा भाषिक प्रयोगको स्थिति पत्ता लगाउनु जस्ता उद्देश्य राखिएको पाइन्छ । उक्त उपन्यासमा काठमाडौँ उपत्यकाको नेपाली समाज र राजनीतिको सजीव प्रस्तुति पाइन्छ । नेपाली राजनीतिक यथास्थितिको चित्रण गरिएको उक्त उपन्यासमा उच्च, मध्यम र निम्न वर्गीय पात्रले प्रयोग गर्ने भाषामा भिन्नता रहेको पाइन्छ । लैङ्गिक आधारमा पुलिङ्गी र स्त्रीलिङ्गी शब्दहरूको प्रयोगमा विभेद पाइन्छ । यस अध्ययनलाई पूर्णता दिनका लागि मूलतः पुस्तकालयीय अध्ययन गरिएको छ । उक्त अध्ययनले प्रस्तुत शोधलाई उपयुक्त मार्गनिर्देश गर्न सहयोग पुगेको छ ।

गिरी (२०७३) द्वारा '*शब्दातीत शान्तनु* उपन्यासको समाजभाषिक अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधमा भाषिक दृष्टिले *शब्दातीत शान्तनु* उपन्यासको समाजभाषिक अध्ययन गर्नु, उपन्यासका पात्रलाई वर्गीय, लिङ्गीय, शैक्षिक, उमेर र धार्मिक आधारमा वर्गीकरण गर्नु, *शब्दातीत शान्तनु* उपन्यासमा प्रयुक्त पात्रहरूको भाषाको वर्गगत, लैङ्गिक, शैक्षिक र उमेरगत स्थिति पत्ता लगाउनु जस्ता

उद्देश्यहरूमा केन्द्रित गरिएको छ । उक्त शोधमा पूर्ण रूपमा पुस्तकालयीय अध्ययन र आंशिक रूपमा विश्लेषणात्मक विधिको प्रयोग गरी शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधकार्यमा शिक्षित र अशिक्षित पात्रले प्रयोग गर्ने भाषामा विभेदकारिता रहेको देखिन्छ । महिला पात्रले बोल्ने भाषाभन्दा पुरुष पात्रले प्रयोग गर्ने भाषा मानक, स्तरीय र कठोर प्रकृतिको रहेको निष्कर्ष निकालिएको छ । उक्त शोधपत्र प्रस्तुत शोधकार्यमा पात्रहरूको वर्गीकरण र समाजभाषिक अध्ययननको सैद्धान्तिक रूपरेखा तयार पार्न सहयोगी रहेको छ ।

पौडेल (२०७३) द्वारा '*बाँच्ने एउटा जिन्दगी*को समाजभाषिक अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको पाइन्छ । उक्त शोधको उद्देश्य *बाँच्ने एउटा जिन्दगी* उपन्यासको भाषाशैलीको अध्ययन गर्नु, उपन्यासका पात्रहरूलाई वर्गीय, लैङ्गिक, उमेर र शैक्षिक अवस्थाका आधारमा वर्गीकरण गर्नु र भाषिक प्रयोगको स्थिति पत्ता लगाउनु रहेको देखिन्छ । जम्मा पाँच अध्यायमा संरचित यस शोधकार्यमा पूर्णरूपमा पुस्तकालयीय अध्ययन र आंशिक रूपमा विश्लेषणात्मक विधिद्वारा सामग्री सङ्कलन गरिएको पाइन्छ । राणाकालीन समाजको ज्वलन्त प्रस्तुति पाइने यस उपन्यासमा उच्च, मध्यम र निम्न वर्गीय पात्रहरूले प्रयोग गर्ने भषामा विभेदकारिता देखिन्छ । लैङ्गिक आधारमा पुरुष पात्रको प्रधानता रहेको उक्त उपन्यासमा भाषिक प्रयोगमा भिन्नता रहेको पाइन्छ । शैक्षिक स्तरका आधारमा अशिक्षित पात्रभन्दा शिक्षित पात्रको भाषमा आदरार्थी, अङ्ग्रेजीभाषाको मिश्रण र दर्शनयुक्त अभिव्यक्ति प्रयोग भएको पाइन्छ । यसकारण यस अध्ययनपत्रले अनुसन्धेय विषयलाई पूर्णता दिन सहयोगी भूमिका खेलेको छ ।

गौतम (२०७३) द्वारा '*आधा जून* उपन्यासको समाजभाषिक अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त उपन्यासमा भाषाशैलीका दृष्टिले *आधा जून* उपन्यासको समाजभाषिक अध्ययन गर्नु, उपन्यासका पात्रलाई वर्गीय आधारमा वर्गीकरण गर्नु, उक्त उपन्यासका पात्रहरूले प्रयोग गर्ने भाषाको वर्गगत, लिङ्गगत, जातिगत, उमेरगत, क्षेत्रगत र शैक्षिक अवस्थाको आधारमा भाषिक प्रयोगको स्थिति पत्रा लगाउनु आदि उद्देश्यमा केन्द्रित रहेको देखिन्छ । शोधकार्य सम्पन्न गर्नका लागि मूलभूत रूपमा

पुस्तकालयीय अध्ययनलाई उपयोग गरिएको छ । प्रस्तुत उपन्यासमा प्रयुक्त भाषाको अध्ययन गर्ने क्रममा विविध वर्ग, लिङ्ग, उमेर, जाति र शैक्षिक स्तरका व्यक्तिले फरक फरक भाषाको प्रयोग गरेको पाइन्छ । जसले गर्दा समाजले जीवन्तता पाएको निष्कर्ष निकालिएको छ । यस अनुसन्धानले समाजभाषिक सिद्धान्तका आधारमा पात्रहरूको वर्गीकरण र विश्लेषण गर्न सहयोगी भूमिका निर्वाह गरेको छ ।

उल्लिखित शोधशीर्षकसँग भएका अनुसन्धानहरूले यस *नम्रता* उपन्यासको समाजभाषिक अध्ययन शीर्षकको अनुसन्धानमा मार्गनिर्देश गरेका छन् । हालसम्म हरिवंश आचार्यद्वारा लिखित *नम्रता* शीर्षक उपन्यासको समाजभाषिक अध्ययन नभएका कारण यस शीर्षकमा अनुसन्धान गर्न उपयुक्त ठानी सर्वमान्य अनुसन्धानका आधारमा *नम्रता* उपन्यासको समाजभाषिक अध्ययन गरिएको छ ।

## २.२ सैद्धान्तिक परिचय

समाज र भाषाबीचको सम्बन्धका सम्पूर्ण पक्षहरूको वैज्ञानिक अध्ययन गर्ने भाषाविज्ञानको शाखा नै समाज भाषाविज्ञान हो । यसले समाज र भाषाबीचको अन्तरसम्बन्ध देखाउने गर्दछ । भाषा र समाज विविध दृष्टिले एकअर्कामा सम्बन्धित छन् । समाजविना भाषाको कल्पना गर्न सकिँदैन र भाषाविनाको समाज पनि अविकसित र अपाङ्ग बन्दछ । त्यसैले समाज र भाषाबीचको अन्तरसम्बन्धको अध्ययन गर्ने भाषाविज्ञानको शाखालाई समाज भाषाविज्ञान भनिन्छ (गौतम र चौलागाइँ, २०६७ : ४०८) । यसरी समाजलाई प्रमुख स्थान मानी भाषाको अध्ययन गर्ने विज्ञानलाई समाज भाषाविज्ञान भनिन्छ ।

भाषा समाजद्वारा निर्मित हुने र समाजमै प्रयोग हुने हुनाले समाजको सापेक्षतामा भाषाको अध्ययन विश्लेषण गर्ने प्रायोगिक भाषाविज्ञानको क्षेत्र समाज भाषाविज्ञान हो । भाषाका सामाजिक सन्दर्भ, सामाजिक कार्य, सामाजिक स्तरीकरण, परिप्रेक्ष्यमा भाषाको अध्ययन हुनुपर्दछ भन्ने सामाजिक भाषाविज्ञानको प्रमुख मान्यता रहिआएको हुन्छ । यसमा भाषालाई समाजपरक दृष्टिले हेरिन्छ ।

भाषाविज्ञानको छुट्टै शाखाका रूपमा विकास भएको समाज भाषाविज्ञानले भाषाको सामाजिक पक्षको विश्लेषण, भाषिक समुदायको पहिचान, भाषका सामाजिक भेद, प्रयुक्तिगत भेद, द्विभाषिकता, बहुभाषिकता, भाषाको आगमन, लोप, भाषा र समाजको सम्बन्ध, कोडमिश्रण, कोडपरिवर्तनलाई आफ्नो अध्ययन क्षेत्र बनाएको पाइन्छ (भण्डारी र पौड्याल, २०६८ : ५) । भाषा र समाजको अन्तरसम्बन्धको अध्ययन गर्ने भाषाविज्ञानको शाखालाई नै समाज भाषाविज्ञान भनिन्छ । भाषाका सामाजिक कार्य, समाजमा भाषिक प्रयोगको स्थिति, भाषा र समाजको सम्बन्ध भाषिक सम्प्रेषण भाषिक भेद आदि सम्पूर्ण पक्षको अध्ययन विश्लेषण गर्ने प्रायोगिक भाषाविज्ञानको एउटा महत्त्वपूर्ण शाखा नै समाज भाषाविज्ञान हो ।

समाज भाषाविज्ञानका सन्दर्भमा विद्वान्हरूले विभिन्न मतहरू राखेका छन्, जसलाई निम्नानुसार देखाउन सकिन्छ :

हड्सनका अनुसार सामाजिक भाषाविज्ञान समाजका सापेक्षतामा गरिने भाषाको अध्ययन हो । जर्जपुलका अनुसार भाषा र समाजका बीचको अन्तर्सम्बन्धको अध्ययन र वर्णन सामाजिक भाषाविज्ञानले गर्दछ । बन्धुका अनुसार समाजकै परिप्रेक्ष्यमा भाषाको अध्ययन सामाजिक भाषाविज्ञानअन्तर्गत गरिन्छ । अधिकारीका अनुसार भाषाको समाजपरक अध्ययनलाई सामाजिक भाषाविज्ञान भनिन्छ (भण्डारी र पौड्याल, २०६८ : ४) । यस्ता विविध परिभाषालाई समग्र रूपमा हेर्दा समाजलाई केन्द्रमा राखेर भाषिक स्वरूपको निर्धारण गर्ने वैज्ञानिक र व्यवस्थित कार्य नै समाज भाषाविज्ञान हो ।

## २.३ समाज भाषाविज्ञानको सैद्धान्तिक पृष्ठभूमि

समाज भाषाविज्ञानले समाज र भाषाका बीचको सम्बन्धका विभिन्न पक्षहरूको अध्ययन गर्दछ । भाषा प्रयोगको प्रारम्भिक कालदेखि नै यसलाई समाजसित सम्बन्धित वस्तुको रूपमा लिने गरिएको पाइए पनि भाषालाई सामाजिक प्रकार्यका रूपमा लिई सोही आधारमा भाषाका विभिन्न पक्षको वैज्ञानिक अध्ययनको थालनी भने सन् १९६० को दशकपछि भएको देखिन्छ । सन् १९६६ मा डेल हाइम्सले लेखेको समाज भाषाविज्ञानसित

सम्बन्धित कार्यपत्रबाट समाज भाषाविज्ञानको प्रारम्भ भएको मानिन्छ । यसपछि फिसम्यानको *एड्भान्सेज इन द सोसियोलोजि अफ ल्याङ्ग्वेज* (१८६१) नामक पुस्तक; फ्राइडको *द सोसल मिनिङ अफ ल्याङ्ग्वेज* (१९७१), लेबोभको *सोसियोलिङ्ग्विस्टिक्स प्याटर्नस* (१९७२), फेसोल्डको *द सोसियोलिङ्ग्विस्टिक्स अफ ल्याङ्ग्वेज* (१९९०) जस्ता महत्त्वपूर्ण कृति प्रकाशित भएपछि नै भाषाविज्ञानको छुट्टै शाखाका रूपमा समाज भाषाविज्ञानको विकास भएको पाइन्छ (गौतम र चौलागाई, २०६७ : ४०८) ।

अङ्ग्रेजी शब्द 'सोसियोलिङ्ग्विस्टिक्स' को नेपाली रूपान्तरण नै सामाजिक भाषाविज्ञान हो । 'सोसियोलिङ्ग्विस्टिक्स' शब्दको प्रयोग सर्वप्रथम सन् १९५२ मा हावेर सी. क्युरीबाट भएको हो । सन् १९६० पछि प्रायोगिक भाषाविज्ञानका अध्येताहरूको समाज भाषाविज्ञानमा रुचि राखेको पाइन्छ । सन् १९६०–७० को दशकमा सामाजिक भाषाविज्ञान स्वतन्त्र विषयका रूपमा विकसित हुन पुग्यो । फर्थले आफ्नो सिद्धान्त स्थितिको प्रसङ्गमा सामाजिक विज्ञान जस्तै मानिसको भाषिक व्यवहारको क्रियाकलापहरूलाई समाजमा आधारित भएर हेर्नुपर्छ भन्दै भाषाको सामाजिक पक्षलाई महत्त्व दिएका छन् । फर्थको भाषालाई सामाजिक सन्दर्भमा हेर्ने दृष्टिकोणसँग ह्यालिडे मिचेजस्ता विद्वान् सहमत हुन पुगेका छन् । यिनै सन्दर्भहरूबाट नै सामाजिक भाषाविज्ञानको प्रारम्भ भएको हो (भण्डारी र पौड्याल, २०६८ : ०२) ।

सामाजिक भाषाविज्ञानको विकास सन् १९५० को दशकदेखि नै भएको हो । यसको विकासमा विलियम ल्याबोम, बासिल बर्न्स्टटेन, डेलहाइम्स, जोन गुम्पर्ज, चार्ल्स फर्गुसन, जोसुअ फिस्मन, विलियन ब्राइड आदि भाषाशास्त्रीको महत्त्वपूर्ण योगदान रहेको छ (थापा, २०६९ : ०३) ।

सन् १९३० को दशकदेखि सन् १९५० को दशकसम्म संरचनावादी र सन् १९६० को दशकसम्म रूपान्तरणवादी अध्ययनहरू हाबी भए । उनीहरूले भाषाको संरचनापरक अध्ययनलाई अपर्याप्त ठाने । त्यसैको फलस्वरूप सन् १९७० को दशकमा भाषाको समाजपरक अध्ययनले ठूलो महत्त्व पायो । समाज भाषाविज्ञानको इतिहास धेरै लामो

नभए पनि छोटो समयमै प्रायोगिक भाषाविज्ञानको एउटा महत्त्वपूर्ण र नवीन शाखाका रूपमा मौलाएको पाइन्छ ।

## २.४ समाज भाषाविज्ञानको क्षेत्र

सामाजिक भाषाविज्ञान भाषा र समाजका विविध सम्बन्धको अध्ययन भएकाले समाजविज्ञान र भाषाविज्ञान यसको अध्ययनीय विषयवस्तुका मूल स्रोत मानिन्छन् तापनि यसले विभिन्न विषयक्षेत्रबाट आफ्ना विषयवस्तुपरक ग्रहण गरेको पाइन्छ । जस्तै : मानवशास्त्रसँग सम्बन्धित मानवीय व्यवहारका कुरा, मनोविज्ञानसँग सम्बन्धित प्रयोक्ताको मनस्थिति, एकभाषिक तथा बहुभाषिक मानसिकता, भाषा आर्जनमा अभिप्रेरणा तथा जातिविज्ञानसँग सम्बन्धित जातीय, वर्गीय विभेदका कुरा आदि । तसर्थ सामाजिक भाषाविज्ञानलाई अन्तरवैषयिक विधाका रूपमा लिइन्छ (अधिकारी, २०६७ : ०४) ।

सामाजिक भाषाविज्ञानको अध्ययन क्षेत्रका बारेमा विद्वान्हरूका बीचमा मतमतान्तर पाइन्छ । मतमतान्तरकै बीचबाट साझा निष्कर्ष निकाल्दा सामाजिक भाषाविज्ञानका क्षेत्रहरू यसप्रकार छन् :

भाषाको सामाजिक पक्षको विश्लेषण गर्नु, भाषिक समुदायको पहिचान गर्नु, भाषाको मानकीकरण, आधुनिकीकरण र स्तरीकरण गर्नु, राष्ट्रभाषा, सम्पर्क भाषा, स्थानीय भाषा र अन्तर्राष्ट्रिय भाषाको निर्धारण गर्नु, भाषिक समुदायभित्र भाषाको प्रयोगसम्बन्धी ढाँचा, शैली र भाषिक परिवर्तनको कारणबारे विश्लेषणा गर्नु, भाषाका सामाजिक भेद, प्रयुक्तिगत भेद, भाषामा देखिने परिवर्तन, द्विभाषिकता, बहुभाषिकता, भाषाद्वैत, भाषिक अभिवृद्धि, भाषिक विकास, भाषा र भाषिका निर्धारण आदिको अध्ययन गर्नु भाषाको विकासका निम्ति भाषानीति र योजनाको निर्माण गर्नु, समाजमा बोलिने विभिन्न भाषाको सम्बन्ध केलाउनु, भाषिक विविधता, भाषिक भेद, उपभेदको अध्ययन गर्नु, भाषिक आगमन, लोप, स्थानान्तरणको अध्ययन गर्नु, समाज र भाषाको सम्बन्ध, भाषाको समाजभाषिक सम्पर्क, कोड मिश्रण र कोड परिवर्तनको अध्ययन गर्नु, सामाजिक मिश्रणका आधारमा देखापर्ने भाषिक मिश्रणको अध्ययन गर्नु आदि भाषाविज्ञानका क्षेत्र हुन्

(भण्डारी र पौड्याल, २०६८ : ५) । यसकारण सामाजिक भाषाविज्ञान विभिन्न विषयसँग भए पनि वर्तमानमा यो एउटा स्वतन्त्र शाखाको रूपमा विकसित भएको छ ।

## २.५ भाषिक भेद

भाषा सामाजिक व्यवहारको महत्त्वपूर्ण माध्यम हो । भाषा विभिन्न परिस्थितिमा विभिन्न प्रयोजनका लागि प्रयोग गरिने भएकाले यसका विभिन्न भेदहरू पाइन्छन् । मूलतः एउटै भाषामा प्रचलित विविध रूपलाई नै भाषिक भेद भनिन्छ । एउटै भाषिक समाजका व्यक्तिहरूको भाषिक उच्चारण अर्थात् ध्वनि, वर्ण, शब्द, पदावली, उपवाक्य, वाक्य र अर्थमा भेद देखिनुलाई भाषिक भेद भनिन्छ (भण्डारी र पौड्याल, २०६८ : २४) । एउटै भाषामा देखिने भिन्नता नै वास्तवमा भाषिक भेद हो ।

कुनै पनि भाषामा वक्ता, श्रोता, सन्दर्भ विषय, अवसर, क्षेत्र, समय आदि विविध आधारमा विभिन्न भाषिक भेदको निर्माण भएको पाइन्छ । भाषा सामाजिक वस्तु भएकाले विभिन्न परिस्थिति र प्रयोजनका दृष्टिले यसको प्रयोगमा पनि प्रशस्त विभेदहरू भेटिन्छन । एक भाषाबाट अर्को भाषामा विभिन्नता देखिनु भाषाहरूका बीचको विशिष्टता नै हो तर एउटै भाषाभित्र पनि यति धेरै विविधता हुन्छन्, तिनलाई दुई चार आधारबाट मात्र पहिल्याउन खोज्नु अपर्याप्त हुन्छ । तर भाषिक विविधता खोज्दै जाँदा व्यक्तिको तहसम्म पुगिन्छ । व्यक्ति भाषा स्वयम् एउटा भेद हो । तसर्थ कुनै एक भाषाका वक्ताहरू के कति छन् सोहीअनुसार भाषाका असीमित भेदहरू देखा पर्दछन् (अधिकारी, २०६७ : २०) ।

भाषा र समाज परिवर्तनशील हुन्छन् । यसरी परिवर्तन हुनुमा कुनै न कुनै कारणहरू रहेका हुन्छन् । समय र स्थानगत कारणले पनि भाषामा परिवर्तन आउँछ । जसले गर्दा विभिन्न भाषिक भेद (सामाजिक भेद, विषयगत भेद, प्रसङ्गगत भेद, कालगत भेद, माध्यमगत भेद आदि) को जन्म हुन पुग्दछ । यी भेदहरूलाई निम्नानुसार देखाउन सकिन्छ :

### २.५.१ सामाजिक भेद

मानिस सामाजिक प्राणी हो । उसले बाँच्नका लागि समाजमा आफ्ना विचारहरूलाई आदानप्रदान गर्नुपर्दछ । त्यसैले समाजमा भाषाको प्रयोग गर्नुपर्ने भएकाले भाषालाई सामाजिक वस्तु मानिन्छ । सामाजिक संरचनाअनुसार भाषामा देखिने भेदलाई भाषाको सामाजिक भेद भनिन्छ (थापा, २०६९ : ३७) । हरेक समाजको भाषिक संरचना भिन्न हुन्छ । समाजको आफ्नै संरचनागत व्यवस्था हुन्छ । सामाजिक अवस्था विभिन्न जातजाति, धर्म, व्यवसाय, लिङ्ग, उमेर आदि विभिन्न आधारमा निर्मित हुन्छ र भाषा पनि यही वर्गमा आधारित हुन्छ ।

सामाजिक संरचनाका आधारमा भाषिक प्रयोगमा देखिने विविधतालाई भाषाको सामाजिक भेद भनिन्छ । क्षेत्रीय भाषिका स्थानका आधारमा मात्र विभेदित हुन्छ भने सामाजिक भाषिकाचाहिँ समाजका विभिन्न वर्ग, जात, व्यवसाय, लिङ्ग, उमेर, बसोबासको स्थिति आदिका आधारमा विभेदित हुन्छ (अधिकारी, २०६७ : २२) । सामाजिक भेदको निर्माणमा शिक्षा, राजनैतिक चेतना, सांस्कृतिक सन्दर्भ आदिको पनि महत्त्वपूर्ण भूमिका रहन्छ । समाजको संरचना भेद शिक्षाको स्थिति, जातीयता आदिका कारण सामाजिक भेद निर्माण भएका हुन सक्छन् (भण्डारी र पौड्याल, २०६८: ३१) ।

समाजमा बसोबास गर्ने मानिसहरूले सामाजिक संरचनाका कारण भाषामा विभिन्न भेदहरू सिर्जना हुन्छन् । सामाजिक संरचनाअनुसार भाषामा देखिने भाषिक भेदलाई भाषाको सामाजिक भेद भनिन्छ (थापा, २०६९ : ४२) । कुनै पनि समाजमा बस्ने एउटै भाषिक समुदायका विभिन्न वर्गका व्यक्तिहरूले बोल्ने फरक फरक भाषिक स्वरूपलाई नै सामाजिक भेद भनिन्छ । हाम्रो समाजमा सामाजिक भेद सिर्जना हुनका कारणहरू वर्ग, उमेर, लिङ्ग र शिक्षा हुन् । यी भेदहरूको निम्नानुसार चर्चा गरिएको छ :

### २.५.१.१ वर्गका आधारमा

समुदायमा सबै मानिसले एउटै भाषा र भाषिक शैलीको प्रयोग गर्दैनन् । उच्च जाति र सम्पन्न वर्ग, मालिक र नोकरले प्रयोग गर्ने भाषामा फरक हुन्छ । नोकरले मालिकसँग उच आदरार्थीको प्रयोग गरेको हुन्छ भने मालिकले नोकरसँग निम्न शैली प्रयोग गरेको हुन्छ (थापा, २०६९ : ४९) । समाज विभिन्न वर्गहरूको सञ्जाल भएकाले वर्गगत आधारमा भिन्नता भएजस्तै भाषिक प्रयोगमा पनि भिन्नता रहेको पाइन्छ । जसलाई उच्च, मध्यम र निम्न वर्ग गरी निम्नानुसार स्पष्ट पार्न सकिन्छ :

(क) **उच्च वर्ग :** आर्थिक दृष्टिले स्थापित मानिसहरूको वर्ग उच्च वर्ग हो । नेपाली समाजको संरचनाअनुसार सम्भ्रान्त परिवारका व्यक्तिहरूलाई उच्च वर्गमा राखिएको पाइन्छ (अधिकारी, २०६७ : २६) । लेख्य परम्परामा प्रचलित एवम् औपचारिक प्रयोगमा आएको भाषा उच्च भेदअन्तर्गत पर्दछ (भण्डारी र पौड्याल, २०६८ : ३९) । समाजमा प्रतिष्ठित व्यक्ति वा कूलीन परिवारहरूले प्रयोग गर्ने भाषा नै उच्च वर्गीय भाषा हो, जसमा स्तरीकरण र मानकीकरण गरिएको हुन्छ । यसमा उच्च आदरार्थीको प्रयोग भएको पाइन्छ । आइसियोस्, गरिसियोस्, खाइसियोस्, मुमाज्यू, हजुर जस्ता नेपालमा राणा शाही ठकुरी जातका मानिसले बोल्ने भाषालाई उच्च वर्गमा राखिएको पाइन्छ ।

(ख) **मध्यम वर्ग :** समाजमा रहेको जनसङ्ख्यामध्ये सबैभन्दा बढी जनसङ्ख्याले यस वर्गको भाषिक प्रयोग गरेका हुन्छन् । प्रायः यस वर्गले बोल्ने वा प्रयोग गर्ने भाषा नै साझा सम्पर्कको भाषाका रूपमा रहेको हुन्छ । आर्थिक स्तर मध्यम रहेका र खान लाउन पुग्ने वर्गलाई मध्यम वर्गअन्तर्गत राखिन्छ । मध्यम वर्गले प्रयोग गर्ने भाषा मध्यम स्तरको हुने गर्दछ । मध्यम वर्ग, उच्च वर्ग र निम्न वर्ग बीचको वर्ग हो । उनीहरूको भाषामा नाताअनुसारको आदरार्थी सामान्य बोलचालको भाषा तथा स्तरीय र मानक भाषाको प्रयोग भएको देखिन्छ । जस्तै : आमा, बुबा, तपाईं आदि ।

(ग) **निम्न वर्ग** : सामान्य बोलचालमा प्रयोग हुने सामाजिक प्रतिष्ठा प्राप्त नगरेको भाषालाई निम्न भेद मानिन्छ (भण्डारी र पौड्याल, २०६८ : ४९) । समाजमा रहेका अशिक्षित ग्रामीण भेगमा बसोबास गर्ने गरिब वा निमुखा वर्ग वा निम्न आर्थिक अवस्था भएका मानिसहरूलाई निम्न वर्गअन्तर्गत राखेको पाइन्छ । यस वर्गका मानिसहरूले प्रयोग गर्ने भाषामा स्तीयता, मानकपन, शिष्टता र नम्रता भेटिँदैन । कमजोर आर्थिक अवस्थाका कारण शिक्षाको अवसरबाट वञ्चित हुनाले अन्य वर्गका तुलनामा निम्न वर्गले प्रयोग गर्ने भाषा निम्न स्तरको मानिन्छ । यस वर्गका मानिसहरूले कथ्य भाषा, अनादर र अशिष्ट भाषाशैलीको प्रयोग गरेको पाइन्छ । जस्तै : बाऊ आवई, तँ, तिमी आदि ।

### २.५.१.२ लिङ्गका आधारमा

मानवीय समाजका सन्दर्भमा लिङ्ग भन्नाले पुरुष र महिलालाई जनाउँछ । महिला र पुरुष समाजका निर्धारक तत्त्व हुन् । लिङ्गगत आधारमा पनि भाषा प्रयोगमा विभिन्नता देखिन्छ । ध्वन्यात्मक गुण, रङ्गको विभेद गर्ने क्षमता, शब्दभण्डार आदिका दृष्टिले महिला र पुरुषको भाषा प्रयोगमा भिन्नता पाइन्छ (भण्डारी र पौड्याल, २०६८ : १८) । लैङ्गिकताका आधारमा भाषाको सामाजिक भेदलाई दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ ।

(क) **स्त्री लिङ्ग** : पोथी वा स्त्री जातिलाई बुझाउन प्रयोग गरिने शब्दलाई स्त्रीलिङ्ग भनिन्छ । महिलाले प्रयोग गर्ने भाषा बढी सरल, कोमल, शिष्ट, निपातको बढी प्रयोग तथा कथ्य शैलीको प्रयोग र सरल भाषाको प्रयोग गरिएको हुन्छ । महिलाहरूले बोल्ने भाषिक अभिव्यक्ति एकवचन प्रथम पुरुष, पूर्ण, अज्ञात पक्षको प्रयोग हुने गर्दछ । (जस्तै : भनेकी छु, थिएँ, खाएकी छु, तपाइँकी आदि क्रियापदमा लैङ्गिक पहिचान पाइन्छ (थापा, २०६९ : ४९) ।

(ख) **पुलिङ्ग:** भाले वा पुरुष जातिलाई बुझाउन प्रयोग गरिने शब्दलाई पुलिङ्ग भनिन्छ । पुरुषहरू कठोर स्वभावका हुने भएकाले उनीहरूले प्रयोग गर्ने भाषामा

कठोरता, तार्किकता, निर्णयात्मकता, निर्देशनात्मकता र अहंकारिता जस्ता विशेषताहरू पाइन्छन् । पुरुषले प्रयोग गर्ने भाषा महिलाका तुलनामा कठोर, रुखो र तार्किक प्रकृतिको हुन्छ ।

### २.५.१.३ उमेरका आधारमा

समाजमा विभिन्न उमेर समूहका मानिसहरूको बसोबास हुन्छ, जसमा बालक, युवा, प्रौढ र वृद्ध मानिसहरू समावेश हुन्छन् । उमेरका हिसाबले पनि भाषिक प्रयोगमा स्पष्ट भिन्नता पाइन्छ । विभिन्न उमेर समूहका मानिसहरूले भिन्न–भिन्न तरिकाले भाषिक व्यवहार गर्ने हुँदा भाषिक विविधता देखापर्ने गर्दछ । जस्तै : बालबालिकाले प्रयोग गर्ने भाषामा बढी कोमलता, युवायुवतीको भाषामा बढी शृङ्गारिकता पाइन्छ भने प्रौढ तथा वृद्धवृद्धा समूहले प्रयोग गर्ने भाषा बालक तथा युवा युवतीको भन्दा भिन्न हुने गर्दछ (भण्डारी र पौड्याल, २०६८ : १७) ।

#### (क) बालबालिकाको भाषा

बालबालिकाले प्रयोग गर्ने भाषालाई बालभाषा भनिन्छ । तोतेबोली, टेलिग्राफिक बोली, एक शब्दे वाक्यको प्रयोग बालबालिकाहरूले गर्ने गर्दछन् । बालभाषामा माधुर्यता, कोमलता, मिठासजस्ता गुणहरू रहेका हुन्छन् । विशेषतः सामान्यकीकरणयुक्त भाषाको प्रयोग बालभाषामा पाइन्छ । जस्तै : बुबु, नुनु, बाबा, आमा, पापा आदि जस्ता शब्दहरूको प्रयोग गर्दछन् ।

#### (ख) युवायुवती

युवायुवतीले प्रयोग गर्ने भाषामा बढी मात्रामा शृङ्गारिक, साङ्केतिक, लाक्षणिक र व्यङ्ग्यात्मकता जस्ता विशेषताहरू हुन्छन् । यस अवस्थाका मानिसहरूले विभिन्न किसिमका कोड भाषाको प्रयोग गर्दछन् । जस्तै : यार, च्वाँक, बारे, इन्टरनेट, ब्रो, सुड्डो आदि ।

(ग) **प्रौढ/वृद्ध**

प्रौढ तथा वृद्धहरूले आफ्नो संस्कृतिअनुसार सभ्य, परिपक्व, मर्यादित भाषाको प्रयोग गर्दछ । यस उमेरका मानिसहरूले सोभ्फो, सरल, परिष्कृत, मर्यादित र आदरार्थी भाषाको प्रयोगमा रुचि राख्दछन् । जस्तै : खेताला, खाजा, पँधेरो, हरेराम, नारायण, हलो, कोदालो आदि ।

### २.५.१.४ शिक्षाका आधारमा

समाजमा बसोबास गर्ने व्यक्तिहरू शैक्षिक स्तरका आधारमा शिक्षित र अशिक्षित गरी दुई वर्गमा विभाजित रहेका हुन्छन् । शिक्षितहरूले प्रयोग गर्ने भाषा र अशिक्षितहरूले प्रयोग गर्ने भाषामा हुने भिन्नताले शिक्षागत सामाजिक भेदको जन्म हुन्छ (भण्डारी र पौड्याल, २०६८ : २४) । समाजमा शिक्षित वर्गले प्रयोग गर्ने भाषा परिष्कृत र शुद्ध हुन्छ भने अशिक्षित वर्गले प्रयोग गर्ने भाषा अपरिष्कृत र अशुद्ध हुन्छ ।

(क) **शिक्षित वर्ग :** शिक्षाको उज्यालो चौघेराभित्र आबद्ध मानिसहरूको समूह शिक्षित समूहभित्र पर्दछन् । शिक्षित व्यक्तिहरू समाजसँग प्रत्यक्ष सम्बन्धित हुन्छन् । आर्थिक स्तर उच्च हुने शिक्षित वर्गले औपचारिक, स्तरीय र मानक भाषाको प्रयोग गर्दछन् । जस्तै : जान्छु, स्तरीय, स्थायी, तिमीहरू आदि ।

(ख) **अशिक्षित वर्ग :** सामान्य बोलचालको भाषा प्रयोग गर्ने व्यक्तिहरू यस वर्गअन्तर्गत पर्दछन् । उनीहरूले प्रयोग गर्ने भाषा बढी कथ्य त्रुटिपूर्ण हुन्छ । अशिक्षित वर्गको भाषिक व्यवहार सरल, केही अशिष्ट र सामान्य प्रकृतिको हुन्छ । शिक्षित व्यक्तिको तुलनामा अशिक्षित व्यक्तिहरूले प्रयोग गरेको भाषा कथ्य, त्रुटिपूर्ण, कामचलाउ र अमानक प्रकृतिको हुन्छ । जस्तै : जान्चु, अस्तरीय, तिमेरु आदि ।

### २.५.२ कालिक भेद

एउटै भाषामा विभिन्न समयको अन्तरालमा देखिने भिन्नतालाई कालिक भेद भनिन्छ । भाषा परिवर्तनशील वस्तु भएकाले दुई समय बिन्दुको अन्तरबाट भाषामा

कालिक भेदको जन्म हुन्छ । भाषामा समयको अन्तरालले पनि भाषिक विविधता उत्पन्न गराउन सहयोग पुऱ्याएको हुन्छ । यही समयको अन्तरालले उत्पन्न स्तरीय भाषिकाभन्दा फरक भाषिक रूपलाई ऐतिहासिक भाषिका वा भाषाको कालिक भेद भनिन्छ । एउटा पुस्ता र अर्को पुस्ताको भाषिक प्रयोगमा जति फरक हुन्छ, त्यति नै प्राचीन नेपाली र आधुनिक नेपालीको भाषामा भिन्नता पाइन्छ (थापा, २०६९ : ४४) । नेपाली भाषाको सन्दर्भमा पनि प्राचीन नेपाली भाषा, नेपाली भाषा र आधुनिक नेपाली भाषामा पनि भिन्नता आएको पाइन्छ । यसरी भाषिक परिवर्तनको अध्ययन विश्लेषण कालिक भेदअन्तर्गत राखिन्छ ।

### २.५.३ विषयगत भेद/प्रयोजनपरक भेद

खास विषय क्षेत्रसँग सम्बन्धित भाषिक भेदलाई विषयगत भेद भनिन्छ । यसलाई प्रयोजनपरक भेद पनि भनिन्छ । भाषाको प्रयोग विभिन्न प्रयोजन र सन्दर्भमा गरिन्छ । प्रयोगका आधारमा देखिने भेद नै प्रयोजनपरक भेद हो । भिन्न भिन्न विषय क्षेत्रमा प्रयोग हुने भाषा पनि भिन्न भिन्न खालको हुन्छ । यसलाई रजिष्टार पनि भनिन्छ । विषयगत भेद शब्दभण्डार, अभिव्यक्ति प्रणाली, वाक्यगठन तथा शैलीगत आधारमा छुट्टिन्छ । भाषाको प्रयोगका क्रममा विषयगत आधारमा देखिने भाषिक भेदलाई विषयगत भेद भन्न सकिन्छ (भण्डारी र पौड्याल, २०६८ : ३६) । भाषाको प्रयोजनपरक भेद साहित्य, कानुन, विज्ञान, प्रशासन, समाचार आदि विभिन्न विषयका कारणले हुने गर्दछ । यसमा विषयको प्रकृतिले भाषाको प्रयोगमा पनि भिन्नता ल्याउँछ । कानुन, राजनीति, कृषि र विज्ञान प्रविधिको क्षेत्रमा प्रयोग हुने भाषाका शब्दहरू पनि आ–आफ्नै प्रकारका हुन्छन् । जस्तै : कृषि क्षेत्रमा प्रयोग गरिने भाषा : हलो, कोदाली, युरिया, डियपी, गोरु आदि ।

### २.५.४ प्रसङ्गगत भेद

कुनै पनि वक्ताले विभिन्न प्रसङ्गमा भिन्न भिन्न किसिमले भाषाको प्रयोग गर्दछ । वक्ताले कुन अवस्थामा कोसँग कसरी, किन भाषाको प्रयोग गर्दैछ भन्ने आधारमा छुट्याइने भाषिक भेद नै प्रसङ्गगत भेद हो । जस्तै : चामललाई अक्षता, सिदा, बुर्की

आदि भन्नु (भण्डारी र पौड्याल, २०६८ : ३६) । वक्ताको देश, काल र परिस्थितिअनुसार फरक फरक शब्दको प्रयोग गर्नु नै भाषाको प्रसङ्गगत भेद हो । यो भेद अन्तर्क्रियाका विभिन्न परिस्थितिअनुसार पनि सृजित हुन्छ ।

### २.५.५ माध्यमगत भेद

भाषिक अभिव्यक्तिका दृष्टिले भाषाका दुईवटा माध्यम हुन्छन् । एउटा कथ्य र अर्को लेख्य । कथ्य भेद बोधपक्ष सुनाइ र अभिव्यक्ति पक्ष बोलाइसँग सम्बन्धित हुन्छ भने लेख्य भेदको बोध पक्ष पढाइसँग र अभिव्यक्ति पक्ष लेखाइसँग सम्बन्धित हुन्छ । भाषाको स्तरीय रूप कथ्यभन्दा लेख्य भाषाको निकट हुन्छ (लम्साल र अन्य, २०६९ : २४) । कथ्य भाषाको माध्यम प्रायः अनौपचारिक प्रकृतिको हुन्छ भने लेख्य भाषा औपचारिक प्रकृतिको हुन्छ । माध्यमका हिसाबले शिक्षित समुदायले मात्र लेख्य भाषाको प्रयोग गर्न सक्दछन् । कथ्य भाषाभन्दा लेख्य भाषामा मानकीकरण र स्तरीयता पनि प्रबल रहन्छ ।

# अध्याय तीन
# अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययन विधि

कुनै पनि शोधकार्यलाई व्यवस्थित, प्रभावकारी र वस्तुगत बनाउन अवलम्बन गरिने प्रक्रियालाई अध्ययन विधि भनिन्छ । अध्ययन अनुसन्धानको विभिन्न स्वरूप, संरचना तथा बनोट हुने गर्दछ र यसै बनोटअनुसार अध्ययन विधि छनोट गर्नुपर्ने हुन्छ । अनुसन्धानका लागि आवश्यक पर्ने सामग्रीको स्रोत, सङ्कलन, सत्यापन र त्यसको परीक्षणसम्म उपयोग गरिने प्रक्रिया वा तरिकालाई अध्ययन विधिका रूपमा लिन सकिन्छ । यस अनुसन्धान कार्यलाई विश्वसनीय र वस्तुनिष्ठ बनाई निष्कर्षसम्म पुऱ्याउन मुख्य रूपमा पुस्तकालयीय अध्ययन र आंशिक रूपमा वर्णनात्मक तथा विश्लेषणात्मक विधिका साथै नमुना छनोट पद्धति प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ । *नम्रता* उपन्यासको अध्यन गरेका बीसजना पाठकसँग प्रश्नावली प्रयोग गरी प्रस्तुत अध्ययनलाई सार्थक तुल्याउन पाठक अभिमत समेत सङ्कलन गरी निष्कर्ष निकालिएको छ । यस अनुसन्धानमा मुख्यतः निम्नलिखित विधिहरू प्रयोग गरिएको छ :

### ३.१.१ तथ्याङ्क सङ्कलनका स्रोतहरू

अनुसन्धानमा सङ्कलित तथ्यलाई तथ्याङ्क भनिन्छ । तथ्याङ्कलाई तथ्य र सामग्री पनि भनिन्छ । अनुसन्धानमा तथ्याङ्क सङ्कलनको विशेष महत्त्व रहेको हुन्छ । प्रस्तुत अनुसन्धानलाई पूर्णता दिनका लागि निम्नलिखित तथ्याङ्क सङ्कलनका स्रोतको उपयोग गरिएको छ :

#### ३.१.१.१ प्राथमिक स्रोत

प्रस्तुत शोधकार्य *नम्रता* उपन्यासको समाजभाषिक अध्ययनमा केन्द्रित रहेकाले प्राथमिक स्रोतअन्तर्गत कृष्ण अविरलद्वारा लिखित *नम्रता* उपन्यासलाई नै प्रमुख सामग्रीको रूपमा लिइएको छ भने प्राथमिक सामग्रीकै रूपमा उद्देश्यमूलक नमुना

छनोटबाट प्रश्नावली तयार पारी बीसजना पाठकहरूको अभिमतलाई सङ्कलन गरेर विश्लेषण गरिएको छ ।

### ३.१.१.२ द्वितीयक स्रोत

प्रस्तुत शोधकार्यमा द्वितीयक सामग्रीका रूपमा शोधशीर्षकसँग सम्बन्धित विभिन्न पाठ्यपुस्तक, समालोचनात्मक कृति, शोधपत्र, खोजमूलक लेख र शोधनिर्देशकको सल्लाह, सुझावलाई समेत आधार सामग्रीका रूपमा लिइएको छ ।

### ३.१.२ तथ्याङ्क विश्लेषण

कुनै पनि अनुसन्धानात्मक कार्यलाई प्रभावकारी रूपमा विश्लेषण गर्नका लागि खास किसिमको प्रक्रियाको अवलम्बन गर्नु पर्ने हुन्छ । प्रस्तुत अनुसन्धानलाई निश्चित उद्देश्य र निष्कर्षमा पुऱ्याउन प्राथमिक स्रोत सामग्रीअन्तर्गत *नम्रता* उपन्यासलाई विश्लेषणको प्रमुख आधार बनाइएको छ । मुख्यतः पुस्तकालयीय अध्ययन कार्यको प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ । अध्ययनलाई व्यवस्थित र सैद्धान्तिक आधार निर्माण गर्नका लागि द्वितीयक सामग्रीका रूपमा समाज भाषाविज्ञानसँग सम्बन्धित पाठ्यपुस्तक, शोधपत्र, लेख, समालोचनात्मक कृतिहरू आदिबाट सामग्री सङ्कलन गरिएको छ । विशेषतः पुस्तकालयीय अध्ययन र अंशतः विश्लेषणात्मक र व्याख्यात्मक विधिका साथै प्रश्नावली निर्माण गरी नमुना छनोट पद्धतिद्वारा उक्त उपन्यासका पाठकहरूको अभिमत सङ्कलन गरी विश्लेषण गरिएको छ । *नम्रता* उपन्यासको समाजभाषिक अध्ययनका क्रममा समाज भाषाविज्ञानको परिचय, सैद्धान्तिक पृष्ठभूमि, भाषिक भेद उल्लेख गरिनुका साथै उक्त उपन्यासमा प्रयुक्त वर्ग, लिङ्ग, उमेर र शैक्षिक अवस्थाका आधारमा पात्रहरूले प्रयोग गरेको भाषाको व्याख्या विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

# अध्याय चार

# वर्ग, लिङ्ग, उमेर र शिक्षाका आधारमा *नम्रता* उपन्यासका पात्रहरूको वर्गीकरण

कृष्ण अविरलद्वारा लिखित *नम्रता* (२०७३) उपन्यास सामाजिक यथार्थवादी उपन्यास हो । प्रेमको बहुल स्वरूप र मौन विद्रोहलाई सशक्त रूपले प्रस्तुत गर्न सफल प्रस्तुत उपन्यासकी नायिकाले आफ्नो प्रेमका लागि समाजका नियम, कानुन र मूल्य मान्यताका सबैखाले लक्ष्मण रेखा पार गर्छिन् । अत्याचारका पराकाष्ठा नाघेर उत्कर्षमा पुग्छिन् । प्रेममाथिको पारिवारिक, सामाजिक, लैङ्गिक र वर्गीय अत्याचारको चिरफार गरिएको मर्मस्पर्शी उपन्यासका रूपमा यसलाई लिन सकिन्छ । पूर्वी नेपालको झापाको बिर्तामोडलाई स्थलगत परिवेश बनाएर सिर्जना गरिएको प्रस्तुत उपन्यासमा नेपाली समाज, रीति, संस्कृति र मनोभावलाई प्रदर्शन गरिएको छ ।

समाज विभिन्न जाति, वर्ग, लिङ्ग, पेशा, धर्म आदिको सङ्गम स्थान हो । समाजमा सम्पूर्ण व्यक्तिहरू वर्ग, लिङ्ग, उमेर, शिक्षा आदिका आधारमा फरक फरक हुन्छन् । यसकारण एउटै भाषा प्रयोग गर्ने व्यक्तिहरूमा पनि विविधता पाइन्छ । यी माथि उल्लिखित कुराका आधारमा *नम्रता* उपन्यासका पात्रहरूलाई वर्गीय, लैङ्गिक, उमेर र शिक्षाका आधारमा निम्नानुसार वर्गीकरण गरिएको छ :

## तालिका नं. १

## वर्ग, लिङ्ग, उमेर र शिक्षाका आधारमा पात्रहरूको वर्गीकरण

| क्र.सं. | पात्रहरू | वर्ग | | | लिङ्ग | | उमेर | | | | शिक्षा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | उच्च | मध्यम | निम्न | महिला | पुरुष | बाल | युवा | प्रौढ | वृद्ध | शिक्षित | अशिक्षित |
| १. | खडानन्द | + | − | − | − | + | − | − | + | − | + | − |
| २. | नन्दिनी | + | − | − | + | − | − | − | + | − | − | + |
| ३. | नम्रता | + | − | − | + | − | − | + | − | − | + | − |
| ४. | अम्बिका | − | + | − | + | − | − | + | − | − | + | − |
| ५. | शारदा | − | + | − | + | − | − | + | − | − | + | − |
| ६. | बस्नेत | − | + | − | − | + | − | − | + | − | + | − |
| ७. | पण्डित सर | − | + | − | − | + | − | − | + | − | + | − |
| ८. | माधव | − | + | − | − | + | − | + | − | − | + | − |
| ९. | बूढी आमै | − | + | − | + | − | − | − | − | + | − | + |
| १०. | हेडमास्टर | − | + | − | − | + | − | − | + | − | + | − |
| ११. | आनन्द | − | + | − | − | + | − | − | + | − | + | − |
| १२. | माइलो | − | − | + | − | + | − | − | + | − | − | + |
| १३. | कान्द्रा सतार | − | − | + | − | + | − | − | + | − | − | + |
| १४. | दिपक | + | − | − | − | + | − | + | − | − | + | − |
| १५. | रमेश | − | + | − | − | + | − | + | − | − | + | − |
| १६. | सन्तोष | + | − | − | − | + | − | + | − | − | + | − |
| १७. | अधवैशे | − | + | − | − | + | − | − | + | − | + | − |
| १८. | सुब्बा | − | + | − | − | + | − | − | − | + | + | − |
| १९. | धर्मानन्द | − | + | − | − | + | − | − | + | − | + | − |
| २०. | उत्तम उप्रेती | − | + | − | − | + | − | − | + | − | + | − |
| २१. | काकी | − | + | − | + | − | − | − | + | − | − | + |
| २२. | कन्डक्टर | − | − | + | − | + | − | + | − | − | − | + |
| २३. | भान्जा | − | + | − | − | + | − | + | − | − | + | − |
| २४. | प्रधानपन्च | + | − | − | − | + | − | − | + | − | + | − |

| क्र.सं. | पात्रहरू | वर्ग | | | लिङ्ग | | उमेर | | | | शिक्षा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | उच्च | मध्यम | निम्न | महिला | पुरुष | बाल | युवा | प्रौढ | वृद्ध | शिक्षित | अशिक्षित |
| २५. | ज्योतिष | − | + | − | − | + | − | − | + | − | + | − |
| २६. | गोविन्दका बुबा | − | − | + | − | + | − | − | + | − | − | + |
| २७. | गोविन्दकी आमा | − | − | + | + | − | − | − | + | − | − | + |
| २८. | गोविन्दकी हजुरआमा | − | − | + | + | − | − | − | − | + | − | + |
| २९. | गोविन्दकी दिदी | − | − | + | + | − | − | + | − | − | + | − |
| ३०. | पसले मामा | − | + | − | − | + | − | − | + | − | + | − |
| ३१. | धिताल कान्छा | − | − | + | − | + | − | − | + | − | − | + |
| ३२. | पण्डित | − | + | − | − | + | − | − | − | + | + | − |
| ३३. | गोविन्द | − | − | + | − | + | − | + | − | − | + | − |

माथि उल्लिखित तालिकाका आधारमा रहेर विश्लेषण गर्दा उपन्यासका पात्रहरूलाई वर्गीयता, लैङ्गिकता, उमेर र शैक्षिक आधारमा वर्गीकरण गरिएको छ । उपन्यासका पात्रले आफूभन्दा तल्ला वर्गका पात्रलाई अपमानजनक भाषा र आफ्नो परिवारस्तरका मान्छेसँग आदरार्थी र शिष्ट भाषाको प्रयोग गरेको पाइन्छ । मध्यम वर्गको पात्रले शिष्ट, सभ्य र मानक भाषाको प्रयोग गरेका छन् भने निम्न वर्गका पात्रले अनादर, अशिष्ट, अमानक, प्रशंसा र स्तुतिपरक भाषाको प्रयोग गरेका छन् । उच्च वर्गका पात्रका रूपमा खडानन्द, नन्दिनी, नम्रता, दीपक, सन्तोष र प्रधानपञ्च, मध्यम वर्गका पात्रका रूपमा अम्बिका, शारदा, बस्नेत आदि र निम्न वर्गका पात्रका रूपमा गोविन्द, माइलो, कान्द्रा सतार आदि रहेका छन् ।

लैङ्गिकताका आधारमा आधारित भएर विश्लेषण गर्दा महिला र पुरुषले प्रयोग गर्ने भाषाशैली उनीहरूको लवाइखवाइ, गुण, शब्दभण्डार आदिका दृष्टिले फरक पाइन्छ । यस उपन्यासमा महिला पात्रअन्तर्गत नम्रता, अम्बिका, शारदा, नन्दिनीलगायतका पात्रहरू रहेका छन् । पुरुष वर्गको प्रतिनिधित्व गर्ने पात्रहरूमा खडानन्द, बस्नेत, गोविन्द, पण्डित सर, माधव, आनन्द, सन्तोष, दीपक, रमेश आदि रहेका छन् ।

उमेरका आधारमा प्रस्तुत उपन्यासमा युवा, प्रौढ र वृद्ध पात्रको उपस्थिति रहेको पाइन्छ । एउटै भाषा पनि उमेर समूहअनुसार पृथक पृथक रूपमा प्रस्तुत गरिएको हुन्छ । युवाको भाषामा शृङ्गारिकता, प्रौढको भाषामा व्यावहारिकता र वृद्धको भाषामा लोकोक्ति र उपदेश जस्ता कुरालाई भेटाउन सकिन्छ । प्रस्तुत उपन्यासमा युवा पात्रका रूपमा नम्रता, अम्बिका, शारदा, गोविन्द, माधव, दीपक, रमेश, सन्तोष आदि प्रौढ पात्रको भूमिकामा खडानन्द, नन्दिनी, पण्डित सर, हेडमास्टर, आनन्द, माइलो, कान्द्रा सतार आदि र वृद्ध पात्रका रूपमा बूढी आमै, गोविन्दकी हजुरआमा, सुब्बा आदि वृद्ध पात्रका देखिएका छन् । समग्र उपन्यासमा बालपात्रको भूमिका गौण, युवा र वृद्ध पात्रको भन्दा प्रौढ पात्रको भूमिकामा बाहुल्यता रहेको पाइन्छ ।

प्रस्तुत उपन्यासमा शिक्षित तथा अशिक्षित पात्रहरूको उपस्थिति रहेको पाइन्छ । उपन्यासमा आर्थिक अवस्था कमजोर हुने व्यक्ति अशिक्षित र आर्थिक अवस्था राम्रो हुने व्यक्ति प्रायः शिक्षित पात्रको भूमिकामा रहेका छन् । *नम्रता* उपन्यासमा खडानन्द, अम्बिका, शारदा, बस्नेत, गोविन्द, पण्डित सर, माधव, हेडमास्टर, आनन्द आदि शिक्षित पात्रको भूमिकामा र नम्रता, बूढी आमा, माइला, कान्द्रा सतार आदिलाई अशिक्षित पात्रका रूपमा लिइएको छ । उपन्यासमा अशिक्षित पात्रको तुलनामा शिक्षित पात्रको बाहुल्यता रहेको पाइन्छ ।

यसरी *नम्रता* उपन्यासका पात्रहरूको वर्गीकरण, वर्गीय, लैङ्गिक, उमेरगत तथा शैक्षिक अवस्थाका आधारमा गरिएको छ । वर्गीय आधारमा उच्च, मध्यम र निम्न, लैङ्गिक आधारमा महिला र पुरुष, उमेरगत आधारमा युवा, प्रौढ र वृद्ध र शिक्षाको आधारमा शिक्षित र अशिक्षित गरी वर्गीकरण गरिएको छ ।

**अध्याय पाँच**

# वर्ग, लिङ्ग, उमेर र शिक्षाका आधारमा *नम्रता* उपन्यासका पात्रहरूले प्रयोग गर्ने भाषिक स्थितिको विश्लेषण

समाजभाषिक अध्ययनमा समाजले प्रयोग गरेको भाषाको अध्ययन विश्लेषण गरिन्छ । कृतिको समाजभाषिक अध्ययनमा कृतिलाई एउटा सानो समाजको रूपमा लिएर त्यसभित्र पात्रहरूले प्रयोग गरेको भाषाको अध्ययन विश्लेषण गर्ने कार्य गरिन्छ । प्रस्तुत *नम्रता* उपन्यासमा पात्रहरूले प्रयोग गरेको भाषाको अध्ययन गरिएको छ । *नम्रता* उपन्यासका पात्रहरूलाई वर्गीय, लिङ्गीय, उमेर र शैक्षिक आधारमा वर्गीकरण गरी ती पात्रले प्रयोग गरेको भाषाको अध्ययन विश्लेषण गरिएको छ । यस उपन्यासमा प्रयोग भएका पात्रहरूले प्रयोग गरेको भाषाको अध्ययन विस्तृत रूपमा निम्नानुसार गरिएको छ :

## ५.१ वर्गीय आधारमा उपन्यासका पात्रहरूले प्रयोग गर्ने भाषिक स्थितिको विश्लेषण

समाजमा आर्थिक, सामाजिक र पेशागत आधारमा वर्ग विभाजन गरिएको हुन्छ । समाजमा हरेक वर्गले आ–आफ्नो अस्तित्व खोजेको हुन्छ । वर्गका आधारमा भाषामा फरकपन देखिन्छ । आपसी विचार विनिमय गर्दा उच्च वर्गसँग मध्यम वर्गका व्यक्तिले उच्च आदरको प्रयोग गर्दछन् भने उच्च वर्गले मध्यम वर्ग वा निम्न वर्गसँग विचार विनिमय गर्दा निम्न आदर वा ठाडो भाषाको प्रयोग गरेको हुन्छ । यसरी समाजमा प्रयोग हुने भाषामा वर्गीय विभेद विद्यमान रहेको हुन्छ । नाता सम्बन्ध, आदर, सम्बोधन, भलाकुसारीमा प्रस्ट रूपमा भिन्नता देखिन्छ । भाषामा देखिएका यस किसिमको फरकपनलाई सामाजिक भेद भनिन्छ । वर्गीयताको आधारमा सामाजिक भेद सिर्जना हुन्छ ।

प्रस्तुत *नम्रता* उपन्यासका पात्रहरूले प्रयोग गर्ने भाषालाई वर्गीय आधारमा वर्गीकरण गरेर उपन्यासको समाजमा देखिएको वर्गीय अवस्थालाई मूलतः उच्च, मध्यम र निम्न वर्गका आधारमा अध्ययन गर्न सकिन्छः

### **५.१.१ उच्च वर्गीय पात्रहरूको भाषिक विश्लेषण**

समाजमा रहेका व्यक्ति वा सदस्यहरू जो आर्थिक हिसाबले सबल रहेका छन्, त्यस्ता समूहलाई समाजले उच्च वर्गको स्थान दिएको हुन्छ । समाजका हरेक क्षेत्रमा अवसरको उपयोग गर्न पाउने हुनाले यस वर्गको व्यक्तिले मानक, परिष्कृत, स्तरीय, शुद्ध आदरार्थी भाषाको प्रयोग गर्दछन् । आफूभन्दा निम्न आय स्तर भएका वा तल्लो वर्गका व्यक्तिहरू माथि हैकमवादी भाषाको समेत प्रयोगले उनीहरूको उच्च अहमताको बोध गराउँछ । *नम्रता* उपन्यासमा उच्च वर्गका पात्रको रूपमा खडानन्द, नन्दिनी, नम्रता, दीपक, सन्तोष र प्रधानपञ्च जस्ता चरित्रहरू देखा परेका छन् । यिनीहरूले प्रयोग गरेका भाषिक संवादका केही नमुनालाई निम्नानुसार उल्लेख गरिएको छ :

- "तिमीलाई त खोरभित्र पनि काभ्रो हालेर राख्नुपर्ने ।" (पृ. १३)
- "त्याँ राँटा छाडिस्, तैँले जोतेको भएन गोरुको पुच्छर रामनाम त्यसरी न निमोठ ।" (पृ. ४३)
- "तेरीमा डङ्किनी ! आज मेरो बेइज्जत गरिस् हैन त्यत्रा मान्छेको अघि ।" (पृ. ४८)
- "यो नाचु पन्नित विना बित्थामा रामनाम जान्ने हुँदो रहेछ । दुनियाँको माया पाउने हुन्छ भनेर रामनाम त्यसले व्याख्या गरिराख्नुपर्छ ।" (पृ. ६२)
- "बढ्ता जान्ने हुनुपर्ने पाजीलाई ... ।" (पृ. ६२)
- "चुप लाग ! बढ्ता हल्ला गर्छेस् ! शत्रुहरूलाई सुनाएर मेरो बेइज्जत गर्न खोजेकी ।" (पृ. ८७)
- "त्यस लफङ्गालाई मारेर मेचीको बगरमा फाल्न लगाउँछु ।" (पृ. १२१)

माथि उल्लिखित संवादले उच्च वर्गको प्रतिनिधित्व गरेको छ । उक्त संवादमा प्रयोग गरिएका तिमीलाई त खोरभित्र पनि काभ्रो हालेर राख्नुपर्ने, त्याँ राटा छाडिस्, तेरीमा डङ्किनी, बढ्ता जान्ने हुनुपर्ने पाजीलाई, चुप लाग् बढी हल्ला गर्छेस्, मारेर मेचीको बगरमा फाल्न लगाउँछु जस्ता भाषिक अभिव्यक्तिले उच्च वर्गको प्रतिनिधित्व गरेको पाइन्छ । उपर्युक्त संवादमा उच्च वर्गका पात्रले निम्न वर्गका पात्रप्रति दमित, अपहेलित र तुच्छ भाषाको प्रयोग गरेको पाइन्छ । जसको कारण उच्च वर्गको भाषा मध्यम र निम्न वर्गको भाषाभन्दा नितान्त फरक छ । उच्च आदरार्थी, शिष्ट र सभ्य भाषाको प्रयोग उच्च वर्गीय भाषाको विशेषता भए तापनि संवादमा यस्ता विशेषतालाई खासै स्थान दिइएको छैन ।

### ५.१.२ मध्यम वर्गीय पात्रहरूको भाषिक विश्लेषण

समाजमा मध्यम वर्गीय पात्रले प्रयोग गर्ने भाषाको बाहुल्यता रहेको छ । मध्यम वर्गीय समुदायले प्रयोग गर्ने भाषिक भेद नै वास्तविक भाषा हो । यस वर्गले बोल्न भाषालाई मानक भाषा भनिन्छ । मध्यम वर्गीय समुदायको भाषामा उच्च वर्गको जस्तो देखावटीपन निम्न वर्गीय जस्तो भाषिक अशुद्धता हुँदैन । यस भाषिक भेदलाई सबै समुदायले स्वीकार गरेको हुन्छ । मध्यम वर्गीय भाषा पठनपाठन, सञ्चार माध्यम औपचारिक सन्दर्भ आदि क्षेत्रमा बढी प्रयोग गरिन्छ । *नम्रता* उपन्यासमा संवादहरूमा मध्यम वर्गीय भाषाको प्रयोग धेरै गरिएको छ । यस उपन्यासमा मध्यम वर्गीय पात्रहरूमा अम्बिका, शारदा, बस्नेत, गोविन्द, पण्डित सर, माधव, बूढी आमै, हेडमास्टर, बूढी आमै आदि रहेका छन् । यिनीहरूले प्रयोग गरेका भाषिक संवादका केही नमुनालाई निम्नानुसार उल्लेख गरिएको छ :

- "सृष्टिकर्ताले मान्छेको मनलाई पनि असन्तोकि नबनाइ दिएको भए संसार काँचो कन्दमूल खाने युगबाट काँचुली फेर्दै अहिलेसम्म आइपुग्ने थिएन ।" (पृ. ३३)

- “जीवनमा सफलता पाउनका लागि साइन्स पढेर डाक्टरै हुनुपर्छ भन्ने छैन । जुन विषय पढे नि हुन्छ । राम्रो डिभिजनमा पास गर्न सक्यो भने जतातातै ओसरै–औसर ।” (पृ. ३९)
- “धेरै खुसी भएको बेला काया नगर्नु अनि रिस उठेको बेला निर्णय नगर्नु भन्छन् ।” (पृ. २०९)
- “मानसिक रोगबाट छोरी सधैंका लागि मुक्त होस् भन्ने चाहनुहुन्छ भने एउटा कुटुम्ब खोजेर जतिसक्दो चाँडो उसको बे गर्दिनुस् ।” (पृ. २३४)
- “आशा छ तिमीले यस अवसरलाई भरपुर सदुपयोग गर्नेछौ । मेरो विश्वासलाई रौँ बराबर पनि कमी हुन दिने छैनौ ।” (पृ. २५२)
- “गरिबको छोरी भएकाले उनी त्यो घरमा परेकी हुन् बाध्यताले । नत्र त्यस्तो गोज्याङ्ग्रासँग कसले बिहे गर्छ ।” (पृ. २६७)

प्रस्तुत उदाहरणमा मध्यम वर्गीय भाषिक भेदको प्रयोग गरिएको छ । माथि उल्लिखित संवादमा सृष्टिकर्ताले मान्छेको मनलाई पनि असन्तोकी नबनाई दिएको भए, साइन्स पढेर डाक्टरै हुनुपर्छ भन्ने छैन । राम्रो डिभिजनमा पास गर्न सक्यो भने जतातातै औसरै औसर, रिस उठेको बेला निर्णय नगर्नु, एउटा कुटुम्ब खोजेर जतिसक्दो चाँडो बे गर्दिनुस्, मेरो विश्वासलाई रौँ बराबर पनि कमी हुन दिने छैनौ आदिजस्ता भाषिक संवादले मध्यम वर्गीय चरित्रको प्रतिनिधित्व गरेको छ । यस उपन्यासका पात्रहरू मध्यम वर्गीय नेपाली समाजका नमुना पात्र हुन् । मध्यम वर्गीय भाषामा मानक, शुद्ध र स्तरीय भाषाको प्रयोग पाइन्छ, जसको प्रत्यक्ष प्रभाव माथि उल्लिखित संवादमा पाउन सकिन्छ ।

### ५.१.३ निम्न वर्गीय पात्रहरूको भाषिक विश्लेषण

समाजमा आर्थिक रूपले पछाडि परेका वर्गलाई निम्न वर्ग भनिन्छ । निम्न वर्गको भाषा अनौपचारिक किसिमको हुन्छ । भाषामा परिष्कार नआएको ठाडो खालको भाषा निम्न वर्गीय भाषा हो । यो कथ्य स्वभावको हुन्छ । *नम्रता* उपन्यासमा मध्यम वर्गीय भाषाको तुलनामा निम्न वर्गीय भाषाको कम मात्रामा प्रयोग भएको पाइन्छ । खासगरी

निम्न वर्गीय भाषा ग्रामीण सन्दर्भ, अशिक्षित व्यक्तिले प्रयोग गर्दछन् । भाषामा आदर, पदसङ्गति नमिलेको व्याकरणिक रूपमा त्रुटिपूर्ण प्रयोग गरिएको हुन्छ । भाषामा समाजको प्रत्यक्ष प्रभाव परेको हुन्छ । समाज जति पिछडिएको छ भाषा पनि त्यस्तै प्रकृतिको हुन्छ । *नम्रता* उपन्यासमा निम्न वर्गीय पात्रका रूपमा गोविन्द, माइलो, कान्द्रा सतार, कन्डक्टर, गोविन्दका बुबा, गोविन्दकी आमा आदि रहेका छन् । निम्न वर्गीय पात्रले प्रयोग गरेका भाषिक संवादका केही नमुनालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- "अरुकाँ नोकर बसेर पनि कहीँ साइन्स पढ्न सकिन्छ ।" (पृ. ३८)
- "मास्टर सापले तेरो भलो चिता रै भनेका छन् नि ! बडो जान्ने हुनपर्छ ।" (पृ. ३८)
- "हाम्लाई ढिलो भैसक्यो । अब काँ मान्छे कुरेर बसी राख्ने जौँ गुरु जी ।" (पृ. १७५)
- "हो हजुर बस्नुस् न ।" (पृ. २१२)
- "यहाँहरू काँबाट आउनु भँको होला ?" (पृ. २१२)
- "खडानन्द जस्ता ठूला बडाकी छोरीलाई बाटो छेकेर तैँले त्यस्तो गर्ने ।" (पृ. २२१)
- "यस्तो छाप्रोमा मेरी नम्रतालाई म कसरी ल्याउन सक्छु ?" (पृ. २२६)

माथि उल्लिखित उदाहरणमा निम्न वर्गीय भाषाको प्रयोग गरिएको पाइन्छ । नोकर बसेर पनि कहीँ साइन्स पढ्न सकिन्छ, मास्टर सापले तेरो भलो चिताएरै भनेका छन् नि !, हाम्लाई ढिलो भैसक्यो, हो हजुर बस्नुस् न, काँबाट आउनु भँको होला, ठूला बडाकी छोरीलाई बाटो छेकेर तैँले त्यस्तो गर्ने जस्ता भाषिक अभिव्यक्तिको प्रयोग गरिएको छ । उक्त संवादमा प्रस्तुत भएको भाषाले चाकडी, चाप्लुसी, प्रशंसा, स्तुति, अमानक, अशिष्ट र अनौपचारिक भाषाको प्रयोग गरेको पाइन्छ । यसका अतिरिक्त निम्न वर्गको भाषा आदर रहित अशिष्ट र अभद्र प्रकृतिको समेत रहेको छ । समाजमा शिक्षाको अवसरबाट वञ्चित रहेको यस वर्गले सामाजिक व्यवहारमा हरेक पक्षसँग घुलमिल हुन

नपाउनु र प्रशंसा र स्तुतिमै जीवन विताउन परेकाले नम्रता उपन्यासमा निम्न वर्गका पात्रले उच्च र मध्यम वर्ग भन्दा भिन्न प्रकृतिको भाषिक व्यवहार प्रसतुत संवादमा देखा परेको छ ।

## ५.२ उमेरगत आधारमा उपन्यासका पात्रहरूको भाषिक स्थितिको विश्लेषण

भाषिक भेदका विभिन्न कारणमध्ये उमेर पनि एक हो । उमेरको अन्तरसँगै व्यक्तिले प्रयोग गर्ने भाषामा भिन्नता देखिन्छ । उमेरका आधारमा भाषिक भेद स्पष्ट रूपमा देखा पर्दछ । बालबालिकाको भाषामा कोमलता, युवाको भाषामा शृङ्गारिकता, प्रौढको भाषामा व्यावहारिकता, वृद्धको भाषामा अर्ती उपदेश र धार्मिक स्तुति आदि पाइन्छ । *नम्रता* उपन्यासका पात्रहरूलाई युवा, प्रौढ र वृद्ध गरी तीन भागमा वर्गीकरण गरी भाषिक स्थितिको विश्लेषण गरिएको छ । बाल पात्रको भूमिका गौण रहेको यस उपन्यासमा अन्य पात्रको उमेरगत हिसाबले भाषिक स्थितिको विश्लेषण निम्नानुसार गरिएको छ :

### ५.२.१ युवा पात्रको भाषिक स्थितिको विश्लेषण

यस उपन्यासमा युवाहरू नै उपन्यासका मुख्य पात्रका रूपमा देखा परेका छन् । युवाहरूको भाषामा प्रेम, प्रणय, शृङ्गारिकताका साथै रसिलो र रमाइलो अर्थात् जिन्दगीलाई मनोरञ्जनात्मक बनाउने खालका भाषाहरू बोल्दछन् । *नम्रता* उपन्यासका युवा पात्रहरूमा नम्रता, अम्बिका, शारदा, गोविन्द, माधव, दीपक, रमेश, सन्तोष आदि रहेका छन् । यिनीहरूले प्रयोग गरेको भाषिक संवादलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- “कति कोठामै मात्र बसी राख्नु ? दिक्क लागेर घुम्न हिनेको ।” (पृ. ७१)
- “तिमीले दायाँबायाँ हेरेर हिँड्ने गऱ्या भए पो मलाई देख्यौ त ।” (पृ. ७३)
- “म केटाहरूसँग छेउ पर्ने डराउने मान्छे तर अहिले किन त्यस केटालाई मात्र सम्झिएकी हुँला ।” (पृ. ७६)

- “एक बारको जुनीमा मरी लानु के छ ? बाबुको सम्पत्ति छँदैछ, सकेसम्म मोज गर्ने हो ।” (पृ. १४९)
- “त्यस्तो पनि के प्रेम ? ज्यानकै जोखिम हुने । भुलिदिनुस् उसलाई सधैंका लागि ! मिल्काइदिनुस् मायाका कुराा उसलाई भनी सुविस्ताले बाँच्न दिनुस् ।” (पृ. १९७)
- “कति सजिलैसँग भन्न सक्छ्यौ अम्बिका ! खासमा तिमीलाई प्रेम भनेको के हो ? थाहै छैन, माटोको धुलो हो र पुरेर मिल्काउनलाई ।” (पृ. १९७)
- “जुन दिन तिमी आफैँ प्रेममा परौली त्यस दिन चाल पाउली ।” (पृ. १९७)

माथि उल्लिखित भाषिक प्रयोगको स्थितिलाई हेर्दा दिक्क लागेर घुम्न हिँडेको, हेरेर हिँड्ने भए पो मलाई देख्थ्यो, सम्भिmएकी हुँला, सकेसम्म मोज गर्ने हो । सुविस्ताले बाँच्न दिनुहोस्, माटोको धुलो हो र पुछेर मिल्काउनलाई, प्रेममा परौली त्यसपछि चाल पाउली जस्ता भाषिक शब्दावलीका साथै माया प्रेम चित्रण गर्ने विभिन्न प्रतिकात्मक भाषाको प्रयोग यहाँ स्पष्टसँग देख्न सकिन्छ । युवाको भाषामा शृङ्गारिकता रहने भएकाले शैली र विषयवस्तु आकर्षक र परिष्कृत रहेको छ ।

### ५.२.२ प्रौढ पात्रको भाषिक स्थितिको विश्लेषण

विविध खालका मानिसहरूको बसोबासको सङ्गम स्थल समाजलाई मानिन्छ । त्यस्तै *नम्रता* उपन्यासमा पनि प्रौढ पात्रहरू रहेका छन् । प्रौढ पात्रहरूको भाषामा व्यावहारिकता झल्किएको पाइन्छ । मानवीय जीवनका यथार्थ अनुभूतिजन्य कुराको प्रकटीकरण भएको पाइन्छ । उपन्यासमा प्रौढ पात्रको रूपमा खडानन्द, नन्दिनी, बस्नेत, पण्डित सर, हेडमास्टर, आनन्द, माइलो, कान्द्रा सतार आदिलाई प्रौढ पात्रका रूपमा लिन सकिन्छ । यिनीहरूले प्रयोग गरेको भाषिक संवादलाई निम्नानुसार उल्लेख गरिएको छ :

- “साइकल चढ्ने ती भाइलाई त आज बिहान देख्तै देखिन । अहिले फर्केको पनि देख्या छैन । कापी के गर्ने, लान्छ्यौ कि ?” (पृ. ६८)

- "सुत् सुत् ! अब एकफेर फेरि निन्द्रा निदायो भने पनि सपनाको दोष कम हुन्छ ।" (पृ. ७७)
- "कुनै पनि मान्छे आवश्यकताभन्दा बढी सोझो र इमान्दार पनि हुन्छ हुँदैन । किनकि जङ्गलमा पनि सोझो रुख नै पहिला काटिन्छ ।" (पृ. १३३)
- "अचेलका केटाकेटी त्यस्तै हुन् । यस्तो कुरामा हजुरले चिन्ता लिनु हुँदैन दाजु ।" (पृ. १४१)
- "सबै कुरा सकिएर पनि आत्मविश्वास बाँकी रह्यो भने र त्यही नै अमूल्य हुन्छ । भर्खर पढाइ चाल्देछस् तँ, तेरो के सकिएको छ र ?" (पृ. १५१)
- "हजुर जस्तो मान्छेले त्यति सानु फुच्चेसँग सिँगौरी खेल्न सुहाउँला र ?" (पृ. २०३)

माथिका संवादहरूमा प्रौढ पात्रको भाषा स्पष्ट रूपमा देखा परेको छ । सपनाको दोष कम हुन्छ, हजुरले चिन्ता लिनु हुँदैन दाजु, सोझो रुख नै पहिला काटिन्छ, सिँगौरी खेल्न सुहाउँला, अहिले फर्केको पनि देख्या छैन, आत्मविश्वास बाँकी रह्यो भने त्यही नै अमूल्य हुन्छ आदि गहकिलो भाषाको प्रयोग प्रौढ पात्रले गरेका छन् । व्यावहारिक शब्दको प्रयोग दार्शनिकता, मानकता र सन्देशमूलक औपचारिक भाषाको प्रयोग प्रौढ पात्रले गरेका हुन्छन् । त्यसकारण प्रौढ पात्रले प्रयोग गरेको भाषा बाल तथा युवा पात्रले प्रयोग गरेभन्दा फरक सामाजीकरणमा सहयोग पुऱ्याउने प्रकृतिको हुन्छ ।

### ५.२.३ वृद्ध पात्रको भाषिक स्थितिको विश्लेषण

वृद्धवृद्धा समाजका आदर्श व्यक्तिकारूपमा रहेका हुछन् । असल मार्गमा डोऱ्याउने काममा यिनीहरूको ठूलो भूमिका रहेको हुन्छ । वृद्ध पात्रको भाषामा उखानटुक्का, लोकोक्ति, अर्ती उपदेश, दर्शन, ईश्वरीय भक्तिभाव आदि पाइन्छन् । *नम्रता* उपन्यासमा वृद्ध पात्रको रूपमा बूढी आमै, सुब्बा, गोविन्दकी अजुरआमा आदि रहेका छन् । यिनीहरूले प्रयोग गरेका भाषिक संवादका नमुनालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- "बाबुले चिन्या छ ?" (पृ. २१)
- साह्रै दुःख पाई नानी त्यो केटीले । त्यसका बाउआमा त अपराधी नै हुन् । नर्कै जान्छन् तिनीहरू ।" (पृ. २१)
- "एकछिन बस्, नत्र अस्पताल नपुग्दै निथ्रुक्कै भिज्छौ ।" (पृ. २२)
- "पानी रहन छोडेकी छैन, छिट्याइरहेकै छ । यस्तो पानी त फेरि पनि दर्किन्छ ।" (पृ. २२)
- "मान्छेको जुनी लिएर जन्मेपछि सकेसम्म सबैको भलो गर्नुपर्छ । भलो गर्न सकिँदैन भने कुभलो चाहिँ गर्नु हुँदैन ।" (पृ. १३२)
- "तिमी आफू असल भएर मात्र पुग्दैन जीवनमा केही गर्न चाहन्छौ भने तिम्रो सङ्गत पनि असल हुनुपर्छ ।" (पृ. १३२)
- "मधेश झरिकन मैले यस्तो ज्यानमारा हुरी भोगेकै थिन लौ न प्रभु हामीलाई बचाउनु हवस् ।" (पृ. २२६)

माथि प्रस्तुत संवादमा प्रयोग गरिएको भाषिक स्थितिलाई हेर्दा प्रौढभन्दा फरक विचार प्रस्तुत गरिएको छ । वृद्ध पात्रहरूको भाषामा सामान्यतः ईश्वरीय भक्तिभाव निरस खालको भाषाशैली, जीवन मरणको कुरा प्रस्तुत गरिएको हुन्छ । उपर्युक्त संवादमा नर्कै जान्छन् तिनीहरू, कुभलोचाहिँ गर्नु हुँदैन । सङ्गत पनि असल हुनुपर्छ, प्रभु हामीलाई बचाउनु हवस् जस्ता शब्दावली तथा वाक्यले वृद्ध पात्रको भाषाको प्रतिनिधित्व गरेको छ ।

## ५.३ शैक्षिक अवस्थाका आधारमा उपन्यासका पात्रहरूको भाषिक स्थितिको विश्लेषण

जुनसुकै भाषामा पनि भाषिक भेदको मूल कारण शिक्षालाई पनि मान्नुपर्ने हुन्छ । शिक्षा प्राप्त गरेका व्यक्तिले प्रयोग गर्ने भाषा र शिक्षा प्राप्त नगरेका व्यक्तिहरूले प्रयोग गर्ने भाषामा धेरै अन्तर भेटिन्छ । शिक्षित वर्गका भाषामा औपचारिक उच्च भाषिक भेदको प्रयोग पाइन्छ भने अशिक्षित वर्गको भाषामा अनौपचारिक तथा भाषाको निम्न

भेदको प्रयोग गर्ने गरेको पाइन्छ । यस उपन्यासमा रहेका पात्रहरूलाई शैक्षिक अवस्थाका आधारमा दुई वर्गमा विभाजन गरी अध्ययन गर्न सकिन्छ :

### ५.३.१ शिक्षित पात्रको भाषिक स्थितिको विश्लेषण

समाजका सबै व्यक्तिको एउटै मानसिकता, स्तर र दक्षता हुँदैन । फरक फरक सोच विचार र मानसिकतामा अगाडि बढी रहेका हुन्छन् । समाजमा शिक्षित वर्गका पात्रहरू जानेको, बुझेको, अरुलाई सम्झाउने, बुझाउने, सान्त्वना दिने व्यक्तिको रूपमा रहन्छन् । अरुलाई दुःख, पीडा भइरहेको बेला ममता खन्याउन सक्नु नै शिक्षित व्यक्तिको चिनारी हो । शिक्षित व्यक्तिले प्रयोग गर्ने भाषा औपचारिक, शिष्ट, मानक र सभ्य हुन्छ । *नम्रता* उपन्यासमा शिक्षित पात्रका रूपमा खडानन्द, नम्रता, बस्नेत, पण्डित सर, गोविन्द, अम्बिका, शारदा आदिलाई लिन सकिन्छ । यिनीहरूले प्रयोग गरेका भाषिक संवादका केही नमुनालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- “एकछिन बस्नु न दिदी र भान्जी त आइहाल्नु हुन्छ होला ।” (पृ. १९)
- “पानी पर्न लागेको छ । छाता पनि छैन जस्तो छ । अहिले हस्पिटल नपुग्दै तपाईंलाई लुथ्रुक्कै भिजाउँछ ।” (पृ. १९)
- “अरुको गल्तीबाट सिक किनकि आफ्नै गल्तीबाट सिक्नलाई तिम्रो आयु छोटो छ ।” (पृ. १३३)
- “तपैहरू त्यसलाई साथ दिनुहोस् जसको समय खराब छ भनी त्यसको साथ छोडिदिनुस् जसको नियत खराब छ ।” (पृ. १५३)
- “मलाई थाहा छ अम्बिका माझीको सहारा भनेको किनारसम्म मात्रै हो । त्यसपछिको यात्रा आफैंले गर्नुपर्छ ।” (पृ. १९७)
- “धन हरायौ भने तिमीलाई अलिकति हानी हुन्छ । स्वास्थ्य हरायौ भने अलि बढी हानी हुन्छ तर मनको शान्ति हरायौ भने तिमीले सबैभन्दा ठूलो सम्पत्ति गुमाउँछौ । त्यसपछि तिमीले जीवनमा केही गर्न सक्दैनौ ।” (पृ. २५४)

माथि उल्लिखित संवादहरूमा भाषिक शिष्टता, परिवेशअनुकूलको भाषिक व्यवहार गर्ने सामर्थ्य, लेख्य, मानक, औपचारिक र शिष्ट भाषाको प्रयोग गरिएको पाइन्छ । समग्र उपन्यासमा शिक्षित पात्रको भाषिक स्थितिको विश्लेषण गर्दा आदरसूचक शब्द प्रयोग नभए पनि नेपाली मानक भाषाको प्रयोग गरेको पाइन्छ । प्रस्तुत संवादमा आइहाल्नु हुन्छ होला, हस्पिटल नपुग्दै तपाईंलाई निथ्रुक्कै भिजाउँछ, अरुको गल्तीबाट सिक, यात्रा आफैँ गर्नुपर्छ, त्यसको साथ छोडिदिनुस् जसको नियम खराब छ, धन हरायौ भने तिमीलाई अलिकति हानी हुन्छ, स्वास्थ्य हरायौ भने अलि बढी हानी हुन्छ जस्ता भाषिक संवादले शिक्षित पात्रको प्रतिनिधित्व गरेको छ ।

### ५.३.२ अशिक्षित पात्रको भाषिक स्थितिको विश्लेषण

समाजमा शिक्षाबाट वञ्चित व्यक्तिहरूले प्रयोग गर्ने भाषा नै शिक्षित भाषा हो । सामान्य बोलीचाली वा भाषाको कथ्य रूपसँग नजिक हुनाले यो भाषा अमानक, अशुद्ध र स्तरहीन हुने गर्दछ । अशिक्षित व्यक्तिलाई नयाँ नयाँ आगन्तुक र जटिल शब्दहरूको उच्चारण गर्न कठिन हुनाले भाषिक भेद सिर्जना हुने गर्दछ । *नम्रता* उपन्यासमा नन्दिनी, बूढी आमै, माइलो, कान्द्रा सतार, काकी, कन्डक्टर आदि अशिक्षित पात्रका रूपमा देखा परेका छन् , प्रस्तुत उपन्यासमा अशिक्षित पात्रले प्रयोग गरेका भाषिक संवादका नमुनालाई निम्नानुसार देखाइएको छ :

- "यी बौलाहीले त दिनुसम्म दुःख दिइन् कहिल्यै मर्न नसकेकी ।" (पृ. १२)
- "तिमीहरूले त पढ्नु पनि बेकार छ, गएर गोविन्देको गुहु खाए हुन्छ ।" (पृ. ३७)
- "यो उमेरमा पनि तरकारी पकाउने ढङ्ग छैन, पोइका घराँ गएर यसले कसरी गरिखान्छे खोइ ?" (पृ. ११८)
- "ए नरी झट्टै तल आइज भन्या । भरे बुबालाई भनेर तेरा ढाड सेकाउन लाउनु नपरोस् ।" (पृ. १७९)
- "फेरि किन जानु पऱ्यो स्कुल ? त्यै झुत्रे केटासँग पोइल जानलाई ।" (पृ.१८०)
- "खाना सबै मेरा मुखतिर फ्याँकी नि राच्छेस्नीले ।" (पृ. १८८)

प्रस्तुत उदाहरणमा अशिक्षित पात्रको भाषा कथ्य, अनौपचारिक, अपरिष्कृत, भाषिकागत रूपमा प्रयोग भएको छ । जस्तै कहिल्यै मर्न नसकेकी, गुहु खाए हुन्छ, कसरी गरिखान्छे खोइ, तेरा ढाड सेकाउन लाउनु नपरोस्, पोइल जानलाई, राच्छेस्नीले आदि जस्ता शब्दावली र वाक्य प्रयोगले अशिक्षित पात्रको भाषिक व्यवहार स्पष्ट रूपमा देखा पर्दछ ।

## ५.४ लैङ्गिक आधारमा उपन्यासका पात्रहरूको भाषिक स्थितिको विश्लेषण

लैङ्गिक आधारमा महिला र पुरुषले प्रयोग गर्ने भाषा ध्वन्यात्मक गुण, रङ विभेद गर्ने समता र शब्दभण्डारका दृष्टिले विभेदीकृत हुन्छ । एउटै समाज, एउटै परिवार र एउटै भाषा प्रयोग गर्ने महिला र पुरुषले प्रयोग गर्ने भाषामा समेत फरक छुट्याउन सकिन्छ साथै भाषिक प्रयोगबाट नै महिला वा पुरुषले प्रयोग गरेको भाषामा अन्तर पाउन सकिन्छ । *नम्रता* उपन्यासमा प्रयुक्त पुरुष पात्रहरू र महिला पात्रहरूले प्रयोग गरेको भाषिक संवादका आधारमा निम्नानुसार भाषिक विश्लेषण गरिएको छ :

### ५.४.१ महिला पात्रको भाषिक स्थितिको विश्लेषण

पोथी वा स्त्री जातिलाई बुझाउन प्रयोग गरिने शब्दलाई महिला भनिन्छ । सहनशीलता, भावुकता र लजालुपन महिलाका विशेषता हुन् । महिलाले प्रयोग गर्ने भाषा नरम, कोमल, सुमधुर प्रकृतिको हुन्छ । *नम्रता* उपन्यासमा महिला पात्रका रूपमा नम्रता, नन्दिनी, अम्बिका, शारदा, बूढी आमै, काकी आदि चरित्र रहेका छन् । प्रस्तुत उपन्यासमा महिला पात्रले प्रयोग गरेका भाषिक संवादमा केही नमुना निम्नानुसार उल्लेख गरिएका छन् :

- "एकछिन त बस्नुस् म चिया बनाउँछु ।" (पृ. १९)
- "भगवान् मेरो सन्तानलाई केही नहोस् ! सद्दे जन्माउन सकूँ ।" (पृ. ५२)
- "आज तैँले के गरिस् नानी ! बुबा तँसँग एकदमै रिसाउनु भको छ ।" (पृ. ८९)

- "मनपरी बोल्छेस् ? आमा के गर्दै हुन्छे तैँले बोलाउने बित्तिकै आउन पाउँछे ।" (पृ. १०७)
- "के गर्छेस् तँ मैले पढ्न पठाऊ भने पनि तेरो ब्वाले मान्नुहुने होइन ।" (पृ. १८१)
- "मलाई हेपेकी हइन ? पख् न भरे ब्वालाई भनेर तेरो ढाड सेकाउन नलाई काँ छाड्छु र ?" (पृ. १८६)

माथि उल्लिखित संवाद *नम्रता* उपन्यासमा प्रयुक्त महिला पात्रहरूले प्रयोग गरेका भाषिक संवाादका नमुनाहरू हुन् । जसले महिलाले प्रयोग गर्ने भाषिक स्थितिलाई स्पष्ट पारेका छन् । यी संवादहरूमा महिलाले प्रयोग गरेका भाषामा स्त्रीलिङ्गी शब्दको प्रयोग पाइनुका साथै कोमलता, सरलता र स्नेहीपनको आभाष समेत रहेको पाइन्छ । प्रस्तुत भाषिक संवादमा चिया बनाउँछु, भगवान् मेरो सन्तानलाई केही नहोस्, बुबा तँ सँग एकदमै रिसाउनु भएको छ, तैँले बोलाउने बित्तिकै आउन पाउँछे, के गर्छेस्, मलाई हेपेकी हैन जस्ता महिला पात्रको भाषिक स्वरूप स्पष्ट रूपमा देखा परेको छ । उक्त उदाहरणमा महिलाको भाषिक व्यवहार स्पष्ट रूपमा देखा परेको छ ।

### ५.४.२ पुरुष पात्रको भाषिक स्थितिको विश्लेषण

भाले वा पुरुष जातिले प्रयोग गर्ने शब्दलाई पुलिङ्ग भनिन्छ । पुरुषहरू कठोर स्वभावका हुने भएकाले उनीहरूले प्रयोग गर्ने भाषामा कठोरता, तार्किकता, निर्णयात्मकता, निर्देशनात्मकता र अहङ्कारिकता जस्ता विशेषता पाइन्छन् । पुरुषले प्रयोग गर्ने भाषा ध्वन्यात्मक र शब्दभण्डारका दृष्टिले समेत फरक हुन्छ । *नम्रता* उपन्यासमा पुरुष पात्रको रूपमा खडानन्द, गोविन्द, माधव, सन्तोष, दीपक, रमेश, प्रधानपञ्च आदि रहेका छन् । यिनीहरूले प्रयोग गरेका भाषिक संवादका केही नमुना निम्नानुसार रहेका छन् :

- "म पछि फेरि आउँछु माइजु । बरु माधव दाइलाई म आएको थिए भन्दिनुहोला ।" (पृ. १९)

- “त्यसरी अर्काका घरतिर नहेर । पीरमा पिल्सिएकालाई थप पीडा दिन्छस् ।” (पृ. २०)
- “तेरीमा डङ्किनी आज मेरो बेइज्जत गरिस् छैन त्यत्रा मान्छेका अघि ।” (पृ. ४८)
- “आइमाइको जात र झुम्राको पुतली एउटै हो ।” (पृ. ५८)
- “ए बूढी ! रमेश बाबु आएको था पाइनस् ? राम नाम छिटो चिया ले ।” (पृ. ९८)
- “ए बूढीया रामनाम यो कुकुरलाई पनि केही खाने कुरा देन ।” (पृ. १८१)

माथिका संवादहरू *नम्रता* उपन्यासमा प्रयुक्त पुरुष पात्रहरूको प्रयोग गरेका हुन् । यस उपन्यासका पुरुष पात्रले प्रयोग गरेको भाषा आदेशात्मक, निर्देशनात्मक, कठोर र तार्किक प्रकृतिको रहेको छ । साथै उनीहरूको भाषिक संवादमा पुलिङ्गी शब्दको प्रयोग भएको पाइन्छ । जसले गर्दा उपर्युक्त संवादहरू पुरुष पात्रको संवाद हुन् भन्न उपयुक्त रहेको छ । उक्त संवादमा माधव दाइलाई म आएको भन्दिनु होला, पीरमा पिल्सिएकालाई थप पीडा दिन्छस्, तेरीमा डङ्किनी गल्ती गरिस्, आइमाईको जात झुम्राको पुतली, ए बूढी ! रमेश बाबु आएको था पाइस्, छिटो चियाले, कुकुरलाई पनि केही खाने कुरा छैन जस्ता भाषिक संवादका स्वरूपले पुरुष पात्रको भाषिक अभिव्यक्तिको प्रतिनिधित्व गरेको छ । यी उदाहरण विशेष गरेर निर्देशन आदेश र कठोर पुरुष मानसिक संवेगको प्रयोग पाइन्छ ।

# अध्याय छ

# समाजभाषिक सिद्धान्तका आधारमा *नम्रता* उपन्यासको भाषाशैलीको अध्ययन र अभिमत विश्लेषण

सामसामयिक नेपाली साहित्यमा उपन्यास लेखनतर्फ आफ्नो छुट्टै पहिचान बनाउन सफल कृष्ण अविरल प्रगतिवादी सामाजिक यथार्थवादी उपन्यासकार हुन् । उनका औपन्यासिक कृतिमा सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक शोषण तथा त्यसले उत्पन्न गरेका समस्याहरूको उद्घाटन भएको पाइन्छ । त्यसबाहेक सामाजिक जनजीवनका कटुपूर्ण तथा कष्टकर पक्षमाथि उनले सूक्ष्म रूपमा दृष्टि पुऱ्याएका छन् । प्रेम प्रणय र त्यसमाथि हुने अमिल्दा प्रहार, राष्ट्र, समाज र संस्कृतिभित्रका विसङ्गति, पुरुष सत्ता र त्यसको स्वार्थी मनोवृत्तिको चिरफार, शुद्ध आतङ्क र त्यसको परिणाम जस्ता विविध विषयलाई उपन्यासको कथावस्तु बनाएर साहित्य लेखनतर्फ अनवरत क्रियाशील रहेका छन् । रक्तकुण्ड, रक्तबीज, विषपुरुष, लालचुडी, नम्रता जस्ता उपन्यास प्रकाशन गरी सफल उपन्यासकारको रूपमा स्थापित भएका छन् ।

*नम्रता* उपन्यास सामाजिक यथार्थवादी उपन्यास हो । नेपालको झापाको बिर्तामोडलाई केन्द्रीय स्थलगत परिवेश बनाएर लेखिएको यस उपन्यासमा पुरुष सत्ता र त्यसको दलदलबाट नारीहरूले पलपलमा भोग्नु परेका पीडा, व्यथा र रोदनलाई उपन्यासकारले प्रस्ट रूपमा देखाएका छन् । नारी मन र विचारलाई स्थान र सम्मान दिन नजान्ने अन्ध र रूढीग्रस्त समाजको अति अत्याचारको चिरफार गरिएको मर्मस्पर्शी उपन्यासको रूपमा यसलाई लिन सकिन्छ । प्रेम गरेको अपराधमा सजाय दिँदा दिँदै मानसिक सन्तुलन गुमाउन पुगेकी एउटी किशोरीको जीवन भोगाइमाथि लेखिएको यथार्थपरक उपन्यासका रूपमा *नम्रता*लाई लिन सकिन्छ । यस उपन्यासले हरेक अभिभावकलाई आफ्ना छोराछोरीमाथि गर्दै आएको व्यवहारका बारेमा आत्मसमीक्षा गर्न समेत सन्देश दिएको छ । नेपाली समाजमा नारीहरूले पुरुषको अत्याचार र शोषण विरुद्ध खुलेर विद्रोह गर्न नसकेको र अत्याचारलाई सहजै सहन गर्दै आएको परिपाटीलाई समेत उपन्यासमा देखाइएको छ ।

*नम्रता* उपन्यासमा प्रयोग गरिएको भाषा सम्प्रेष्य रहेको छ । सरल, सरस र सहज भाषाको प्रयोग गरेर सामाजिक यथार्थमा आधारित व्यापक पात्र र परिवेशलाई पनि समेटेको छ । झापाको बिर्तामोडको परिवेशलाई समेटेको हुनाले प्रायः पूर्वेली भाषिकाको प्रयोग गरिएको पाइन्छ । यस उपन्यासमा माया, पिरती र प्रेमका अमर भावहरू एकातिर मुखरित भएका छन् भने अर्कोतिर घर परिवार र समाज त्यसमाथि तगारो बनी प्रहार गर्ने कुरालाई मार्मिक रूपमा प्रस्तुत गरिएको छ । आञ्चलिक विशेषतालाई मौलिक रूपमा झल्काउन पनि यो उपन्यास सफल भएको छ । प्रथम र तृतीय पुरुष शैलीको प्रयोग गरिएको यस उपन्यासमा २१ वटा टुक्रे शीर्षक र २७१ वटा पृष्ठ सङ्ख्या रहेका छन् ।

भाषा उपन्यास सिर्जना गर्नका लागि अति आवश्यक वस्तु हो । उपन्यासको कथावस्तु प्रस्तुतीकरणको माध्यम नै भाषा हो । उपन्यासका पात्रहरूका बीचमा देखिने संवादात्मक अभिव्यक्तिमा उनीहरूको स्तर र परिवेशअनुकूलको भाषा प्रयोग गरिएको हुन्छ । उपन्यासको कथावस्तुलाई कुन भाषामा कस्तो ढङ्ग ढाँचामा प्रस्तुत गरिएको छ भन्नुलाई भाषाशैली भनिन्छ । कुनै पनि समाजमा बोलिने भाषालाई त्यस समाजको सामाजिक, धार्मिक, शैक्षिक, आर्थिक जस्ता कुराले प्रभाव पार्दछ । *नम्रता* उपन्यासको भाषाको अध्ययन गर्दा वर्ग, लिङ्ग, उमेर र शैक्षिक अवस्थालाई आधार बनाएर पात्रहरूको वर्गीकरण गरी उनीहरूको भाषिक स्थितिको विश्लेषण गरिएको छ । भाषिक स्थितिको विश्लेषणका क्रममा *नम्रता* उपन्यासमा पात्र र स्थानअनुसारको पद, पदावली, थेगो, उखान, टुक्का, विचलन, अलङ्कार जस्ता कुराहरू देखा परेका छन् । जसलाई उदाहरणको रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

**उखानटुक्का**

भाषालाई मौलिक र जीवन्त बनाउनका लागि मानवका अनुभव र व्यवहारबाट खारिएर आएका उक्ति वा कथनलाई उखानटुक्का भनिन्छ । आइमाईको जात र झुम्राको पुतलीलगायत अन्य उखानटुक्काको समेत यसमा प्रयोग गरिएको पाइन्छ । जस्तै :

- आइमाईको जात र झम्राको पुतली एउटै हो । (पृ. ५८)

- मुहान विनाको खोलो र पीर विनाको मान्छे । (पृ. १४१)
- अरुको लाख र आमाको काख । (पृ. १५३)
- चार आलीको जङ्गलमा हरिणको बगाल । (पृ. १४२)
- रात रहे अग्राख पलाउँछ । (पृ. २३९)
- पोथी बासेको मन पर्दैन । (पृ. २५८)

**क्षेत्रीयता**

निश्चित क्षेत्र विशेषमा बोलिने व्यक्ति भाषाभन्दा ठूलो र भाषाभन्दा सानो भाषिक स्वरूपलाई भाषिका वा क्षेत्रीयता भनिन्छ । यस उपन्यासमा पुर्वेली भाषिकाको प्रयोग पाइन्छ । शुद्ध मानक नेपाली भाषामा यहाँहरू हुने ठाउँमा याँहरू र बिहे गर भन्ने ठाउँमा बे गर भनेकाले यहाँ क्षेत्रीयताको प्रभाव पाइन्छ ।

- याँहरू कति कामले आउनु भो ? लु बस्नोस् । (पृ. ५१)
- अरुका छोराछोरी बिग्रेको पहिल्यै था हुन्छ, आफ्ना छोराछोरी बिग्रेको अन्तिममा मात्र था हुन्छ भन्थे हो र छ । (पृ. १२२)
- तेरो मुखमा के भ छ र मैले भन्दिनुपर्ने । (पृ. १२७)
- ह ओ बूढी छोरीले त यसपाली हाम्रो नाक राखिछे नि । (पृ. १५६)
- हन ! आज पनि तँ त्यै केटालाई भेट्न ग'को थिस् कि क्या हो । (पृ. १७९)

**अलङ्कार**

अलङ्कार भाषाको गहना हो । भाषामा प्रयोग गरिएका शब्द र अर्थमा यो निहित भएको हुन्छ । अभिव्यक्तिलाई सुन्दर, शिष्ट, माधुर्य र ओजपूर्ण बनाउन अलङ्कारको प्रयोग गरिएको हुन्छ । यस उपन्यासमा प्रयुक्त भाषामा झैँ, जस्तै गरी उपमा अलङ्कारको प्रयोग गरिएको छ । यसलाई प्रस्ट गर्न निम्नलिखित उदाहरणहरू प्रस्तुत गरिएको छ :

- मन थाहै नपाई पराई भइसकेको थियो । सपेराले बजाएको बिनको धुनमा लट्ठ परेको सर्पझैँ । (पृ. ४१)

- त्यसरी लजाउँदा उनका राता गाला अनौठोसँग चम्किने, धोएर घाममा राखेको काँसको थालको अग्रभाग जस्तै भएर । (पृ. ४२)
- मनमा नयाँ नयाँ पालुवा फेरिँदै थियो । नर्सरीबाट झिकेर मलखाडीको डिलमा सारेको सुपारीका बिरुवा झैँ । (पृ. १४३)
- उसको मन ट्रेनमा टिकटसहितको झोला छुटेर अलपत्र परेको चागुको झैँ भुट्भुटि रहन्थ्यो । (पृ. १९४)
- मान्छेको जीवनमा खुसी भनेको बलौटे माटोको खेतमा पराएको पानी जस्तै रहेछ । (पृ. २४२)

**थेगो**

भाषिक अभिव्यक्ति सम्प्रेषणको क्रममा वक्ताले निजी पहिचान स्थापित गर्नका लागि प्रयोग गर्ने कथनलाई थेगो भनिन्छ । प्रस्तुत उपन्यासमा रामनाम शब्द थेगोका रूपमा आएको छ । जस्तै :

- कन्ना पछाडि कुरा काट्नेहरूसँग रामनाम मेरो केही गुनासो छैन । म यसकारण खुसी छु कि रामनाम तिनले मेरा अगाडि आएर कुरा काट्न सक्तैनन् । (पृ. ४४)
- रामनाम सकेसम्म सानो हुनु सिक्नुपर्छ । सानो नभई एकैचोटि रामनाम ठूलो मान्छे होइदैन । (पृ. ५७)

**विचलन**

भाषा प्रयोगको मानक स्वरूपमा देखिने भिन्नतालाई विचलन भनिन्छ । अभिव्यक्तिलाई रुचिपूर्ण र सुन्दर बनाउन यसको प्रयोग पाइन्छ । विचलनका विविध प्रकारहरूमध्ये यस उपन्यासमा व्याकरणिक विचलन प्रशस्त रूपमा गरिएको पाइन्छ । खुब घत पऱ्यो उनलाई त्यो सुझाव भन्ने जस्ता विचलन वाक्य यस उपन्यासमा प्रयोग गरिएका छन् । यसको वास्तविक स्वरूप उनलाई त्यो सुझाव खुब घत पऱ्यो भन्ने हुन्छ । यसका अतिरिक्त यसका उदाहरणहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- खुब घत पऱ्यो उनलाई त्यो सुझाव । (पृ. २३५)

- कसैसँग केही काम लिनुछ भने सबैभन्दा पहिला नुन भएको कुरा खुवाउनुपर्छ – खडानन्दलाई विश्वास थियो । (पृ. २३७)
- टुप्पीबाट धुवाँ छुटेजस्तो भयो खडानन्दलाई । (पृ. २४१)
- पूर्व पश्चिम हुलाकी मार्गको आरम्भ स्थल पनि हो भद्रपुर । (पृ. २४७)
- अछुत थियो त केबल नम्रताको जीवन । (पृ. २४९)

समग्रमा उपन्यासकार कृष्ण अविरलले *नम्रता* उपन्यासमा परिवेशगत सजीवताका लागि भाषिक विविधताको चमत्कारिक प्रयोग गरेका छन् । पूर्वी नेपालको समाजमा हुर्के बढेका युवा युवतीको प्रेम प्रणय र त्यसमाथि सामाजिक र पारिवारिक दमन र प्रहारका कष्ट, पीडा र सङ्घर्षलाई वर्णनात्मक र संवादात्मक शैलीमा प्रस्तुत गरेको पाइन्छ । सामाजिक यथार्थवादी उपन्यास भएकाले उपन्यासको भाषाशैली सरल, सरस, सहज, पात्रअनुकूल हुनुका साथै स्थानअनुकूल पनि रहेको छ । आञ्चलिक विशेषतालाई मौलिक रूपमा झल्काउन समेत यो उपन्यास सफल भएको छ । समग्रमा उपन्यासमा सरल, सरस, सहज र सम्प्रेषणयुक्त भाषाको प्रयोग गरिएको पाइन्छ ।

## पाठक वर्गबाट सङ्कलित अभिमत विश्लेषण

वस्तुपरक र वैज्ञानिक पद्धतिको प्रयोग गरी नवीनतम् कुराहरूको खोजी गर्नु अनुसन्धान हो । अनुसन्धान योजनाबद्ध, तर्कपूर्ण र व्यवस्थित हुन्छ । यी कुरालाई प्रस्ट्याउनका लागि प्रस्तुत अध्ययन *नम्रता* उपन्यासको समाजभाषिक अध्ययनमा केन्द्रित रहेको छ । यो अध्ययन मूलतः पुस्तकालयीय अध्ययनमा केन्द्रित भएकाले शोधार्थीले मात्र यसको अध्ययन विश्लेषण गर्दा कम विश्वसनीय र वैध हुने देखियो । जसका लागि यस अध्ययनलाई बढी विश्वसनीय, वैध, योजनाबद्ध र प्रभावकारी बनाउनका लागि समाज भाषाविज्ञानको ज्ञान भएका र *नम्रता* उपन्यासको अध्ययन गरेका बीसजना पाठकहरूलाई नमुना पाठका रूपमा छनौट गरिएको छ । त्रिभुवन विश्वविद्यालयको प्राङ्गणमा मिति २०७४/०८/२० गतेका दिन *नम्रता* उपन्याससम्बन्धी सेमिनारको आयोजना गरियो । पाठकहरूको राय सङ्कलन गर्नका लागि प्रश्नावलीको निर्माण गरी पाठकहरको सुझावहरू सङ्कलन गरिएको छ, जसलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

## बीसजना पाठकहरूबाट सङ्कलित अभिमतको तालिका

| क्र.सं. | प्रश्न | साझा अभिमत | फरक अभिमत | निष्कर्ष |
|---|---|---|---|---|
| १. | नम्रता उपन्यास कुन प्रकृतिको उपन्यास हो ? | – | अठारजना पाठकले सामाजिक यथार्थवादी उपन्यास भनेको र दुईजना पाठकले मनोवैज्ञानिक उपन्यास भनेको | सामाजिक यथार्थवादी उपन्यास |
| २. | नम्रता उपन्यासको प्रमुख भूमिकामा रहेका पात्रहरू को को हुन् ? | – | पन्ध्रजना पाठकले खडानन्द, नन्दिनी, गोविन्द र नम्रता र पाँचजना पाठकले नम्रता र गोविन्दलाई मात्रै प्रमुख पात्रका रूपमा मानेको | खडानन्द, नन्दिनी, गोविन्द, नम्रता यी चारजना पात्रहरू *नम्रता* उपन्यासको प्रमुख भूमिकामा रहेका पात्र हुन् । |
| ३. | यस उपन्यासको केन्द्रीय परिवेशको रूपमा कुन ठाउँको चित्रण गरिएको छ ? | झापा, मोरङ र भारत | – | झापा, मोरङ र भारत केन्द्रीय परिवेशका रूपमा रहेको |
| ४. | यस उपन्यासको सामन्तवादी धारणा बोक्ने पात्र कुन हो ? | खडानन्द | – | खडानन्द यस उपन्यासको सामन्तवादी धारणा बोक्ने पात्र हो । |
| ५. | वर्गीयताका आधारमा उच्च वर्गको | खडानन्द, नन्दिनी, नम्रता, सन्तोष, | – | खडानन्द, नन्दिनी, नम्रता, सन्तोष, दीपक, |

| क.सं. | प्रश्न | साझा अभिमत | फरक अभिमत | निष्कर्ष |
|---|---|---|---|---|
| | प्रतिनिधित्व गर्ने पात्रका रूपमा क–कसलाई लिन सकिन्छ : | प्रधानपञ्च | | प्रधानपञ्च यस उपन्यासमा उच्च वर्गको प्रतिनिधित्व गर्ने पात्रका रूपमा रहेका छन् । |
| ६. | लैङ्गिक आधारमा महिला र पुरुषमध्ये उपन्यासमा कुन पात्रको उपस्थिति बढी छ ? | महिलाभन्दा पुरुष पात्रको उपस्थिति बढी रहेको पाइयो । | – | महिलाभन्दा पुरुष पात्रको उपस्थिति उपन्यासमा बढी रहेको पाइयो । |
| ७. | उमेरगत आधारमा *नम्रता* उपन्यासमा कुन उमेरका पात्रको उपस्थिति बढी रहेको छ ? | – | पन्ध्रजना पाठकले प्रौढ पात्रको उपस्थिति बढी रहेको देखाएका छन् भने चारजनाले युवापात्रको र एकजना पाठकले उच्च वर्गको उपस्थिति बढी रहेको देखाएका छन् । | उपन्यासमा प्रौढ पात्रको उपस्थिति बढी रहेको पाइयो । |
| ८. | यस उपन्यासमा अशिक्षित पात्रका रूपमा क–कसलाई लिन सकिन्छ ? | – | चौधजना पाठकले नन्दिनी, बूढीआमै, माइलो, कान्द्रा सतार, काकी, गोविन्दका बाबु र छजना पाठकले यसका अतिरिक्त गोविन्दकी आमा, हजुरआमा र धिताल कान्छालाई | *नम्रता* उपन्यासमा अशिक्षित पात्रका रूपमा नन्दिनी, बूढीआमै, माइलो, कान्द्रा सतार, काकी, गोविन्दकी आमा, हजुरआमा र धिताल कान्छालाई लिइएको छ । |

| क्र.सं. | प्रश्न | साझा अभिमत | फरक अभिमत | निष्कर्ष |
|---|---|---|---|---|
| | | | अशिक्षित पात्रका रूपमा देखाएका छन् । | |
| ९. | शिक्षित र अशिक्षित पात्रले प्रयोग गर्ने भाषिक स्थितिमा के फरक पाउन सकिन्छ ? | शिक्षित वर्गको भाषामा स्तरीयता, मानकपन, आदरार्थी, औपचारिकता पाइन्छ भने अशिक्षित वर्गले प्रयोग गर्ने भाषामा क्षोत्रीयता, अनादर, अनौपचारिकता, गाली गलौज, अमानकपन पाइन्छ । | – | शिक्षित वर्गले प्रयोग गर्ने भाषामा स्तरीयता, मानक भाषाको प्रयोग, औपचारिकता, शिष्टता आदि पाइन्छ भने अशिक्षित वर्गले प्रयोग गर्ने भाषा अमानक, अनौपचारिक, अशिष्ट र अपरिष्कृत हुने गरेको पाइयो । |
| १०. | नम्रता र गोविन्द वर्गीय आधारमा कुन प्रकृतिका पात्र हुन् ? | नम्रता उच्च वर्गीय पात्र हो भने गोविन्द निम्न वर्गीय पात्र हो । | – | नम्रता उच्च वर्गीय पात्र हो भने गोविन्द निम्न वर्गीय पात्र हो । |
| ११. | *नम्रता* उपन्यासको कथावस्तु कुन पात्रको केन्द्रियतामा अगाडि बढेको छ ? | – | पन्ध्रजनाले नम्रताको केन्द्रियतामा, तीनजनाले खडानन्द र दुईजनाले गोविन्दको केन्द्रियतामा अगाडि बढेको | नम्रताको केन्द्रियतामा उपन्यासको कथावस्तु अगाडि बढेको छ । |
| १२. | *नम्रता* उपन्यासमा अलङ्कारको प्रयोग के कसरी गरिएको छ ? | – | पाँचजनाले अलङ्कारको प्रयोग नगरिएको र पन्ध्रजनाले अलङ्कारको प्रयोग गरेको । | उपन्यासको भाषामा अलङ्कारको प्रयोग गरिएको छ । |

| क.सं. | प्रश्न | साझा अभिमत | फरक अभिमत | निष्कर्ष |
|---|---|---|---|---|
| १३. | समाजभाषिक सिद्धान्तका आधारमा समग्र उपन्यासको भाषाशैली के कस्तो रहेको छ ? | सरल सहज र बोधगम्य भाषाको प्रयोग भएको छ । | – | अलङ्कार, विचलन र उखानटुक्काको भाषालाई आकर्षक, मौलिक र जीवन्त बनाई सरल, सहज र सम्प्रेष्य बनाइएको छ । |
| १४. | समाजभाषिक सिद्धान्त्का आधारमा पात्रहरूको वर्गीकरण कुन कुन आधारमा गर्न सकिन्छ ? | पात्र वर्गीकरणका लागि वर्ग लिङ्ग, उमेर र शिक्षाका आधारमा गर्न सकिने भाव व्यक्त | – | वर्ग, लिङ्ग, उमेर र शिक्षाका आधारमा उपन्यासका पात्रको वर्गीकरण गर्न सकिने । |
| १५. | यस उपन्यासमा निम्न वर्गको रूपमा कुन कुन पात्रलाई लिन सकिन्छ ? | – | सोह्रजनाले गोविन्द, गोविन्दका बाबु, दिदी, आमा, माइलोलाई र चारजनाले यिनको अतिरिक्त धिताल कान्छा, कन्डक्टर र कान्द्रा सतारलाई लिएको | धिताल कान्छा, कन्डक्टर र कान्द्रा सतारलगायतका गोविन्द, गोविन्दका बुबा, आमा र दिदीलाई समेत लिन सकिने । |
| १६. | *नम्रता* उपन्यासले दिने मुख्य सन्देश के हो ? | प्रेमलाई स्वतन्त्र अधिकारको रूपमा प्रयोग गर्न पाउनुपर्ने र समतामूलक समाजको निर्माण गर्नु नै मुख्य सन्देश रहेको । | – | प्रेमलाई स्वतन्त्रता र समतामूलक समाजको निर्माण, नारी सक्षम हुनुपर्ने र मौलिक सम्पत्तिलाई बेवास्ता गरी मानवीयपनलाई महत्त्व दिएको । |
| १७. | समग्र उपन्यासलाई थेगो र | थेगो र उखानटुक्काले समग्र | – | कृतिलाई गहकिलो बनाउन सहयोग |

| क्र.सं. | प्रश्न | साझा अभिमत | फरक अभिमत | निष्कर्ष |
| --- | --- | --- | --- | --- |
| | उखानटुक्काको प्रयोग किन गरिएको छ ? | उपन्यासलाई रुचिपूर्ण र बोधगम्य बनाएको । | | गरेको । |
| १८. | नम्रताको मानसिक अवस्थामा चोट पुग्नुको मुख्य कारण के हो ? | – | अठारजनाले बाबु खडानन्दको शारीरिक यातनालाई मुख्य कारणका रूपमा र दुईजनाले गोविन्दको वास्तविक प्रेम नपाउनुलाई लिएका । | मुख्य कारण बाबुको शारीरिक यातना र आमाको गाली गलौज । |
| १९. | यस उपन्यासमा खडानन्दले छोरीमाथि गरेको व्यवहारलाई कुन रूपमा लिन सकिन्छ ? | पुरुष मनोवृत्तिले नारीलाई गरेको पशुतुल्य व्यवहारको रूपमा लिन सकिने । | – | पुरुष मनोवृत्तिको घृणित र आक्रोशपूर्ण व्यवहार । |
| २०. | यस उपन्यासमा उच्च वर्गका पात्र र निम्न वर्गका पात्रको भाषिक संवादमा के कस्तो फरक पाइन्छ ? | उच्च वर्गले उच्च आदरार्थी र निम्न वर्गले निम्न आदरार्थी तथा अमानक भाषाको प्रयोग गरेका | – | उच्च वर्गले आदरार्थी, मानक, हेपाहा प्रकृतिको भाषा र निम्नले अमानक र अनौपचारिक भाषाको प्रयोग गरेका छन् । |

माथिको तालिकालाई विश्लेषण गर्नुपर्दा *नम्रता* उपन्यास कुन प्रकृतिको उपन्यास हो भन्ने प्रश्नबारे छलफल गर्दा उन्नाइसजना पाठकहरूले सामाजिक यथार्थवादी प्रकृतिको उपन्यास र एकजना पाठकले मनोवैज्ञानिक उपन्यास हो भन्ने धारणा प्रस्तुत गरे । यसरी पाठकहरूका सुझावहरूलाई आधार बनाएर विश्लेषण गर्दा *नम्रता* उपन्यास सामाजिक यथार्थवादी उपन्यास हो भनी निष्कर्ष निकालिएको छ । यस उपन्यासमा पुरुषप्रधान समाजमा नारीले भोग्नुपरेका पीर, मर्का, बाधा, व्यवधानका साथै समाजमा उच्च वर्गका मानिसहरूले निम्न वर्गका मानिसहरूप्रति गर्ने अमानवीय व्यवहारको चित्रण गर्दा *नम्रता* उपन्यास सामाजिक यथार्थवादी उपन्यास हो भनी व्याख्या गर्न सकिन्छ ।

*नम्रता* उपन्यासको प्रमुख भूमिकामा रहेका पात्रहरू को को हुन् ? भन्ने प्रश्नमाथि छलफल गर्दा पाँचजना पाठकले खडानन्द, गोविन्द र नम्रतालाई प्रमुख पात्रका रूपमा रहेका छन् भनी व्याख्या गरेको पाइयो भने अन्य पन्ध्रजना पाठकले नन्दिनीलाई समेत प्रमुख भूमिकामा रहने कुरा उल्लेख गरेको पाइयो । यसरी पाठकहरूको सुझावलाई मध्यनजर गरी विश्लेषण गर्दा उक्त उपन्यासमा प्रमुख पात्रका रूपमा खडानन्द, नन्दिनी, गोविन्द र नम्रतालाई लिन सकिन्छ । यी चारजना पाठकको अनुपस्थितिमा उपन्यासको कथावस्तु नै अपूर्ण हुने भएकाले उक्त पात्रलाई प्रमुख पात्रका रूपमा लिइएको छ ।

यस उपन्यासको केन्द्रीय परिवेशको रूपमा कुन ठाउँको चित्रण गरिएको छ ? भन्ने प्रश्नमाथि टिका टिप्पणी गर्दा सम्पूर्ण पाठकहरूको अभिमतमा एकरूपता पाइयो । सहभागी सबै पाठकले केन्द्रीय परिवेशका रूपमा पूर्वी नेपालका झापा, मोरङलाई स्थलगत परिवेशका रूपमा लिइएको र बाह्य परिवेशका रूपमा भारतलाई पनि लिइएको पाइयो । उक्त अभिमतलाई विश्लेषण गर्दा पाठकहरूको अभिमतलाई नै सर्वस्वीकार्य मानिएको छ ।

यस उपन्यासको सामन्तवादी धारणा बोक्ने पात्र कुन हो ? भन्ने प्रश्नमाथि छलफल गर्दा पाठकहरूको अभिमतमा एकरूपता रहेको पाइयो । *नम्रता* उपन्यासमा प्रयुक्त पात्र खडानन्द आफ्नै विवाहित पत्नीमाथि कुटपिट गरेको, त्यसैगरी छोरी

नम्रतालाई शारीरिक र मानसिक असक्त बनाएको र निम्न वर्गीय पात्र गोविन्दको परिवारका सपनाहरूलाई भट्टीमा मिलाउने कार्य गरेकाले खडानन्द यस उपन्यासको सामन्तवादी धारणा बोक्ने पात्रका रूपमा रहेको छ ।

वर्गीयताको आधारमा उच्च वर्गको प्रतिनिधित्व गर्ने पात्रका रूपमा क–कसलाई लिन सकिन्छ ? भन्ने प्रश्नमा छलफल गर्दा खडानन्द, नन्दिनी, नम्रता, दिपक, सन्तोष र प्रधानपञ्चलाई उच्च वर्गको प्रतिनिधि पात्रका रूपमा सम्पूर्ण पाठकहरूले अभिमतमार्फत् एकरूपता देखाएको पाइयो । यसरी सबैजना पाठकको विचारलाई विश्लेषण गर्दा र समाजभाषिक सिद्धान्तका आधारमा खडानन्द, नन्दिनी, नम्रता, सन्तोष, दीपक र प्रधानपञ्चलाई उच्च वर्गीय पात्रका रूपमा लिन सकिन्छ । उक्त पात्रहरूको भाषामा आदेशात्मकता, निम्न वर्गलाई हेप्ने प्रवृत्ति, स्तरीय भाषिक प्रयोग पाइएको कारणले उच्च वर्गको रूपमा लिइएको छ ।

लैङ्गिक आधारमा महिला र पुरुषमध्ये उपन्यासमा कसको उपस्थिति बढी रहेको छ ? भन्ने प्रश्नमाथि छलफल गर्दा सम्पूर्ण सहभागीहरूको एउटै अभिमत प्राप्त भएको छ । *नम्रता* उपन्यासमा महिला पात्रभन्दा पुरुष पात्रको उपस्थिति बढी रहेको कुरा सहभागी पाठकहरूको अभिमतलाई दृष्टिगत गरी निष्कर्ष निकालिएको छ ।

उमेरगत आधारमा *नम्रता* उपन्यासमा कुन पात्रको उपस्थिति बढी रहेको छ ? भन्ने प्रश्नमाथि छलफल गर्दा पन्ध्रजना पाठकहरूले प्रौढ, चारजनाले युवा र एकजनाले उच्च वर्ग भनी आफ्नो धारणा प्रस्तुत गरेका छन् । यसरी पाठकहरूको अभिमतलाई मध्यनजर गरी व्याख्या गर्दा *नम्रता* उपन्यासमा प्रौढ पात्रको उपस्थिति बढी रहेको पाइयो ।

यस उपन्यासमा अशिक्षित पात्रको रूपमा क–कसलाई लिन सकिन्छ ? भन्ने प्रश्नमाथि छलफल गर्दा विभिन्न किसिमका अभिमतहरू प्राप्त भएका छन् । जसमध्ये चौधजना पाठकले नन्दिनी, बूढीआमै, माइलो, कान्द्रा सतार, काकी र गोविन्दका बुबालाई मात्र अशिक्षित पात्रका रूपमा लिएका छन् भने अन्य छजना पाठकले गोविन्दकी आमा, हजुरआमा, धिताल कान्छालाई पनि अशिक्षित पात्रका रूपमा लिएका छन् । यी

पाठकहरूका विचारलाई अध्ययन विश्लेषण गर्दा माथि प्रस्तुत गरिएका सम्पूर्ण पात्रहरूलाई अशिक्षित पात्रका रूपमा लिन सकिन्छ ।

शिक्षित र अशिक्षित पात्रले प्रयोग गर्ने भाषिक स्थितिमा के फरक पाउन सकिन्छ ? भन्ने प्रश्नमाथि छलफल गर्दा पाठकहरूको विचारमा एकरूपता रहेको पाइन्छ । समाजमा शिक्षित वर्गको भाषामा स्तरीयता, मानकपन, आदरार्थी, औपचारिकता पाइन्छ भने अशिक्षित वर्गले प्रयोग गर्ने भाषामा क्षेत्रीयता, निम्न आदरको प्रयोग, अनौपचारिक गाली गलौजयुक्त भाषिक प्रयोग पाउन सकिन्छ । पाठकहरूको विचारहरूलाई आत्मसाथ गर्दा शिक्षित पात्रको भाषामा स्तरीय, मानक, सभ्य, परिष्कृत भाषिक प्रयोग पाइन्छ भने अशिक्षित वर्गको भाषिक प्रयोगमा निम्न स्तरीय भाषाको प्रयोगका साथै अमानकीकृत , असभ्य र अपरिष्कृत भाषिक प्रयोग पाइने निष्कर्ष निकालिएको छ ।

नम्रता र गोविन्द वर्गीय आधारमा कुन प्रकृतिका पात्र हुन् ? भन्ने प्रश्नमाथि व्याख्या विश्लेषण गर्दा पाठकहरूको अभिमतमा एकरूपता रहेको पाइन्छ । सम्पूर्ण पाठकहरूले नम्रतालाई उच्च वर्ग र गोविन्दलाई निम्न वर्ग भनी आफ्ना धारणा प्रस्तुत गरेका छन् । पाठकहरूका अभिमतलाई केलाउँदा नम्रता उच्च घरानीय पात्र हो । नम्रता एक जमिनदार प्रधानपञ्चकी छोरी हो भने गोविन्द अर्काको जग्गामा सानो झोपडी बनाई बसेको श्रमजीवी वर्गको पात्र हो । यसरी यस उपन्यासमा उच्च वर्गको प्रतिनिधि पात्रका रूपमा नम्रतालाई लिइएको छ भने निम्न वर्गका पात्रका रूपमा गोविन्दलाई लिइएको छ ।

*नम्रता* उपन्यासको कथावस्तु कुन पात्रको केन्द्रियतामा अगाडि बढेको छ ? भन्ने प्रश्नको विश्लेषण गर्दा पन्ध्रजना पाठकले नम्रताको केन्द्रियता, तीनजना पाठकले खडानन्दको र दुईजनाले गोविन्दको केन्द्रियतामा कथावस्तु अगाडि बढेको विचार व्यक्त गरेका छन् । यी फरक फरक पाठकहरूका विचारहरूलाई विश्लेषण गर्दा बहुमतको सिद्धान्त र आफ्नो व्यक्तिगत अध्ययनलाई मध्यनजर गर्दै नम्रताको केन्द्रियतामा कथावस्तु अगाडि बढेको निष्कर्ष निकालिएको छ ।

*नम्रता* उपन्यासमा अलङ्कारको प्रयोग के कसरी गरिएको छ ? भन्ने प्रश्नमाथि छलफल गर्दा फरक फरक अभिमत प्राप्त भएको छ । पाँचजना सहभागीले अलङ्कारको प्रयोग यस उपन्यासभित्र कतै नगरिएको मत अभिव्यक्त गरेका छन् भने बाँकी पन्ध्रजनाले उपन्यासमा विभिन्न किसिमका अलङ्कारको प्रयोग भएको कुरा व्यक्त गरेका छन् । यी फरक पाठकको अभिमतलाई विश्लेषण गर्दा उपन्यासभित्र उपमा, रूपक आदि अलङ्कारको प्रयोग भएको पाइयो । जसले गर्दा उपन्यासको भाषाशैली रसिलो, आकर्षक र बोधगम्य भएको निष्कर्ष निकालिएको छ ।

समाजभाषिक सिद्धान्तका आधारमा समग्र उपन्यासको भाषाशैली के कस्तो रहेको छ ? भन्ने प्रश्नमाथि छलफल गर्दा पाठकहरूले व्यक्त गरेका विचारहरूलाई आत्मसात गरी उपन्यासको भाषाशैली पात्रका स्तरअनुकूलको रहेको पाइयो । उपन्यासमा क्षेत्रीय भाषिक प्रयोग पनि पाइयो । समग्र उपन्यासको भाषाशैली सरल, सहज, सरस र बोधगम्य रहेको पाइयो ।

समाजभाषिक सिद्धान्तका आधारमा पात्रहरूको वर्गीकरण कुन कुन आधारमा गर्न सकिन्छ ? भन्ने प्रश्नको उत्तरमाथि छलफल गर्दा पाठकहरूको अभिप्रायमा एकरूपता रहेको पाइयो । समाजभाषिक सिद्धान्तअनुसार वर्गका आधारमा (उच्च, मध्यम र निम्न) लिङ्गका आधारमा (महिला र पुरुष), शिक्षाका आधारमा (शिक्षित र अशिक्षित) उमेरका आधारमा (बाल, युवा, प्रौढ, वृद्ध) गरी वर्गीकरण गरिएको छ । समाजमा सम्पूर्ण पक्षका व्यक्तिहरूको उपस्थिति रहने भएकाले समाजभाषिक अध्ययन गर्दा उपयुक्त आधारलाई आधार मानी पात्रहरूको वर्गीकरण गर्न प्रभावकारी मानिन्छ ।

यस उपन्यासमा निम्न वर्गका रूपमा कुन कुन पात्रलाई लिन सकिन्छ ? भन्ने प्रश्नमा छलफल गर्दा सोह्रजना पाठकले गोविन्द, गोविन्दका बाबु, गोविन्दकी दिदी, गोविन्दकी हजुरआमा र माइलोलाई निम्न वर्गका पात्रका रूपमा रहेको कुरा व्यक्त गरेका छन् र अन्य चारजना पाठकले यी लगायत धिताल कान्छा, कन्डक्टर, कान्द्रा सतारलाई पनि निम्न वर्गीय पात्रका रूपमा प्रस्तुत गरेका छन् । यी उपर्युक्त पाठकहरूको

अभिप्रायलाई मध्यनजर गर्दै यी सम्पूर्ण पात्रको आयस्तर कमजोर, अर्काको नोकर बस्ने र दैनिक जीवन चलाउन पनि कठिन भएकाले निम्न वर्गीय पात्रका रूपमा रहेको निष्कर्ष निकालिएको छ ।

*नम्रता* उपन्यासले दिने मुख्य सन्देश के हो ? भन्ने प्रश्नमाथि छलफल गर्दा विचार, अभिव्यक्ति र प्रस्तुतीकरणको शैली फरक र आशय एउटै रहेको कुरा व्यक्त गरिएको छ । *नम्रता* उपन्यासमा प्रेमलाई स्वतन्त्र अधिकारको रूपमा प्रयोग गर्न पाउनु, समतामूलक समाजको निर्माण, भौतिक सम्पत्तिभन्दा ठूलो शारीरिक स्वस्थतालाई लिइएको छ । पुरुषप्रधान समाजको अन्त्य भई नारीले पनि पुरुष सरह बाँच्न पाउनुपर्ने धारणा व्यक्त गर्नु यस उपन्यासको मुख्य सन्देश रहेको छ ।

समग्र उपन्यासमा थेगो र उखानटुक्काको प्रयोग किन गरिएको छ ? भन्ने प्रश्नको उत्तरमाथि छलफल गर्दा पाठकहरूको अभिमतमा एकरूपता रहेको पाइयो । उपन्यासमा थेगा र उखानटुक्काले समग्र उपन्यासलाई रुचिपूर्ण र बोधगम्य बनाएको छ । थेगो र उखानटुक्काले भाषालाई आलङ्कारिक र कृतिलाई गहकिलो बनाउन सहयोग गरेको निष्कर्ष निकालिएको छ ।

नम्रताको मानसिक अवस्थामा चोट पुग्नुको मुख्य कारण के हो ? भन्ने प्रश्नमाथि छलफल गर्दा पाठकहरूको मतमा एकरूपता रहेको पाइँदैन । अठारजना पाठकले बाबु खडानन्दको शारीरिक यातनालाई मुख्य कारणको रूपमा लिएका छन् भने दुईजनाले गोविन्दको वास्तविक प्रेम नपाइनुलाई मुख्य कारणको रूपमा लिएका छन् । यी पाठकहरूका विचारहरूलाई आत्मसाथ गर्दै नम्रताको मानसिक अवस्थामा चोट पुग्नुको मुख्य कारण खडानन्दको शारीरिक यातना, आमा नन्दिनीको गाली गलौज, तिरस्कार र पशुतुल्य व्यवहारलाई लिइएको पाइन्छ ।

यस उपन्यासमा खडानन्दले छोरीमाथि गरेको व्यवहारलाई कुन रूपमा लिन सकिन्छ ? भन्ने प्रश्नमाथि छलफल गर्दा पाठकहरूको विचारमा एकरूपता रहेको

पाइन्छ । खडानन्दले छोरीमाथि गरेको व्यवहार पुरुष मनोवृत्तिले नारीलाई गरेको पशुतुल्य व्यवहारका रूपमा लिन सकिन्छ ।

यस उपन्यासमा उच्च वर्गका पात्र र निम्न वर्गका पात्रको भाषिक संवादमा के कस्तो फरक पाइन्छ ? भन्ने प्रश्नमाथि छलफल गर्दा पाठकहरूको विचारमा एकरूपता रहेको पाइन्छ । वर्गीयताका आधारमा उपन्यासमा उच्च वर्गले प्रयोग गरेको भाषिक संवादमा आदरार्थीको प्रयोग, औपचारिकता, अहम्ता र हैकमवादी भाषाको प्रयोग गरिएको पाइयो भने निम्न वर्गका पात्रहरूको भाषिक संवादमा अनौपचारिकता, अमानक, अशुद्धता, अनादर, चाकडी र प्रशंसापरक भाषिक संवादको प्रयोग हुने कुरा निष्कर्ष निकालिएको छ ।

समग्रमा यी सम्पूर्ण अभिमतलाई विश्लेषण गर्दा पाठकहरूले व्यक्त गरेका विचारहरू समाजभाषिक सिद्धान्तमा आधारित रहेको पाइयो । समग्र प्रश्नावलीमा प्रायः एउटै विचार व्यक्त गरिए तापनि आंशिक रूपमा केही फरक मत पनि व्यक्त गरिएको पाइयो ।

**अध्याय सात**

# सारांश, निष्कर्ष र उपयोगिता

## ७.१ सारांश

समाज र भाषाबीचको अन्तरसम्बन्धलाई केलाउने र भाषालाई सामाजिक व्यवहारका रूपमा अध्ययन गर्ने भाषाविज्ञानको एक नवीनतम शाखा सामाजिक भाषाविज्ञान हो । समाज र भाषाबीच घनिष्ट सम्बन्ध रहेको हुन्छ । समाजको प्रकृतिअनुसार भाषा पनि फरक फरक रहेको पाइन्छ । यसरी समष्टिमा भन्नुपर्दा भाषा र समाजको अन्तरसम्बन्ध केलाउने तथा विभिन्न सामाजिक तत्त्वहरूका सन्दर्भमा भाषाको अध्ययन गर्ने प्रायोगिक भाषाविज्ञानको नवीन शाखालाई समाज भाषाविज्ञान भनिन्छ । यसअन्तर्गत भाषिक भेद, भाषिक समुदाय, भाषा र संस्कृतिको सम्बन्ध, भाषाको सामाजिक व्यवहार आदिका बारेमा अध्ययन गरिन्छ । समाजको प्रकृतिअनुसार पाइने नाता, सम्बन्ध, आदरार्थी, आत्मीयता, सम्बोधन आदिजस्ता पक्षका साथै कोडमिश्रण, द्विभाषिकता, भाषाद्वैत, कोडपरिवर्तन, भाषा नीति योजना, भाषान्तरण, आगम, भाषालोप जस्ता समग्र पक्षको अध्ययन विश्लेषण समाज भाषाविज्ञानअन्तर्गत गरिएको पाइन्छ ।

सामाजिक भाषाविज्ञानको अध्ययन क्षेत्र व्यापक रहेको छ । यसको मुख्य अध्ययन क्षेत्रका रूपमा वर्ग, उमेर, लिङ्ग र शिक्षा आदिलाई लिएको पाइन्छ । यिनै सैद्धान्तिक पृष्ठभूमिमा केन्द्रित रहेर नेपाली साहित्यमा स्थापित कृतिहरूको समाजभाषिक अध्ययन हुनु आवश्यक ठानिएको छ । यिनै सामाजिक धरातलमा केन्द्रित भई *नम्रता* उपन्यासको समाजभाषिक अध्ययन गर्न यस शोधकार्यको औचित्य रहन्छ । *नम्रता* उपन्यासको समाजभाषिक अध्ययन शीर्षकको यस शोधपत्रमा अध्ययनलाई सातवटा अध्यायमा विभाजन गरी उपन्यासको भाषाशैली, विभिन्न आधारमा पात्रहरूको वर्गीकरण, उपन्यासभित्रको समाज, वर्ग, लिङ्ग, उमेर, शिक्षा आदिका आधारमा उपन्यासको भाषिक स्थिति केलाउने प्रयास गरिएको छ ।

प्रस्तुत अध्ययनको अध्याय एकमा शोध परिचयअन्तर्गत अध्ययनको पृष्ठभूमि, अध्ययनको समस्या, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य र अध्ययनको परिसीमाका बारेमा चर्चा गरिएको छ । अध्ययन किन गरियो ? कुन कुन समस्यामा अध्ययन केन्द्रित गरिएको छ ? र समग्रमा अध्ययनको महत्त्व के छ ? आदि प्रश्नहरूको जवाफ खोज्ने कोशिस गरिएको छ ।

अध्याय दुईमा पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणाको सम्बन्धमा चर्चा गरिएको छ । यस अध्यायअन्तर्गत शोध शीर्षकसँग सम्बधित पाठ्यपुस्तकहरूको समीक्षा र शोध समीक्षा गरी दुई उपशीर्षक राखेर समीक्षा गरिएको छ । यस अध्ययनलाई पूर्णता दिनका लागि शोधकार्यले पुऱ्याएको सहयोगलाई पूर्वकार्यको महत्त्व शीर्षकमा चर्चा गरिएको छ । समाज भाषाविज्ञानको अवधारणा, समाज भाषाविज्ञानको क्षेत्र, समाजभाषिक सिद्धान्तका आधारमा पात्रगत वर्गीकरणसम्बन्धी आवश्यक विश्लेषण गरी अध्ययनको सैद्धान्तिक रूपरेखा निर्माण गरिएको छ ।

अध्याय तीनअन्तर्गत अध्ययन विधि र प्रक्रिया समावेश गरिएको छ, जसअन्तर्गत अध्ययनको ढाँचा, अध्ययन क्षेत्र, तथ्याङ्क सङ्कलनका साधन, तथ्याङ्कको व्याख्या, विश्लेषण र प्रस्तुतीकरण गरिएको छ । मुख्यतः उपन्यासको समाजभाषिक अध्ययनका क्रममा पुस्तकालयीय अध्ययन र अंशतः वर्णनात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । यस क्रममा प्राथमिक स्रोत सामग्रीका रूपमा *नम्रता* उपन्यास र द्वितीयक स्रोत सामग्रीका रूपमा शीर्षकसँग सम्बन्धित पाठ्यपुस्तकहरू, सन्दर्भसामग्रीहरू, लेखरचना र पत्रपत्रिका आदिको प्रयोग गरिएको छ ।

अध्याय चारअन्तर्गत *नम्रता* उपन्यासका पात्रहरूलाई वर्ग, लिङ्ग, उमेर र शिक्षाका आधारमा वर्गीकरण गरिएको छ ।

अध्याय पाँचमा *नम्रता* उपन्यासमा प्रयुक्त पात्रहरूको भाषिक प्रयोगको स्थितिबारे अध्ययन विश्लेषण गरिएको छ । जसअन्तर्गत वर्गीय आधारमा उच्च, मध्यम र निम्न वर्ग, उमेरका आधारमा बाल, युवा, वयस्क, प्रौढ र वृद्ध, लिङ्गका आधारमा महिला र

पुरुष र शिक्षाका आधारमा शिक्षित र अशिक्षित पात्रहरूले प्रयोग गरेको भाषिक स्थितिको चर्चा गरिएको छ ।

अध्याय छअन्तर्गत समाजभाषिक सिद्धान्तका आधारमा *नम्रता* उपन्यासको भाषाशैलीको अध्ययन गरिएको छ । समग्र उपन्यासको भाषा सरल, सहज, सरस हुनका साथै पात्रको स्तरअनुकूलको भाषाशैलीको प्रयोग गरिएको छ । यसका अतिरिक्त यस अध्ययनमा उपन्यासमा प्रयुक्त अलङ्कार, थेगो, विचलन, क्षेत्रीयता जस्ता पक्षमा व्याख्या विश्लेषण गरिएको छ ।

समग्रमा *नम्रता* उपन्यास सामाजिक यथार्थवादी उपन्यास हो । समाजमा घट्ने यथार्थ घटनालाई विषयवस्तु बनाएर लेखिएको *नम्रता* उपन्यासमा नेपाली समाजको पूर्वी झापा, मोरङको केन्द्रीय परिवेश रहेको छ । पुरुषप्रधान समाजमा नारीहरूले भोग्नु परेका पीर, मर्का, बाधा, व्यवधानका साथै उच्च वर्गले निम्न वर्गमाथि गर्ने पाशविक व्यवहारको यथार्थ प्रस्तुति यस उपन्यासमा पाइन्छ ।

## ७.२ निष्कर्ष

सामाजिक भाषाविज्ञानको क्षेत्र व्यापक रहेको छ । यसले भाषा, भाषिका, समुदाय, भाषिक भेद, द्विभाषिकता, बहुभाषिकता, भाषाद्वैत, भाषायोजना, कोडमिश्रण, कोडपरिवर्तन, भाषानीति, भाषान्तरण, भाषा आगम, लोप आदिलाई अध्ययन क्षेत्र बनाइएको हुन्छ । वर्ग, लिङ्ग, उमेर र शैक्षिक अवस्थाका आधारमा व्यक्तिहरूको समाजमा छुट्टाछुट्टै भूमिका रहेको हुन्छ । यस अध्ययनलाई पूर्णता दिन सातवटा अध्यायहरू विभाजन गरी उपन्यासमा प्रयोग भएका पात्रहरूको वर्ग, उमेर, लिङ्ग र शैक्षिक अवस्थाका आधारमा वर्गीकरण गरी भाषिक प्रयोगको स्थिति पत्ता लगाई समाजभाषिक सिद्धान्तका आधारमा समग्र उपन्यासको भाषाशैलीको अध्ययन गरिएको छ । यही सैद्धान्तिक आधारहरूलाई अध्ययनको क्षेत्र मानी निष्कर्ष निकालिएको छ, जसलाई निम्नानुसार बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

- *नम्रता* उपन्यास कृष्ण अविरलद्वारा लेखिएको नितान्त सामाजिक यथार्थवादी उपन्यास
- पुरुषप्रधान समाजमा नारीले भोग्नु परेका दुःख, पीडा, बाध्यता र विवशताहरूलाई यथार्थ रूपमा चित्रण गरिएको,
- उपन्यासमा वर्णनात्मक र संवादात्मक शैलीको प्रयोग गरिएको,
- भाषिक प्रयोगका दृष्टिले मानक, स्तरीय, व्याकरणसम्मत भाषाको प्रयोग पाइए तापनि बढी मात्रामा स्थानीय भेदको प्रयोग पाइनु,
- वर्गीय आधारमा उच्च, मध्यम र निम्न वर्गीय पात्रको प्रयोग गरिएको भए पनि मध्यम वर्गीय भाषाको प्रयोग बढी गरिएको,
- उमेरगत आधारमा युवा, प्रौढ र वृद्ध पात्रहरूको प्रयोग गरिएको भए तापनि बालपात्रको प्रयोग नगरिएको,
- गरिब नेपाली जनमानसले भोगका दुःख, कष्ट र सामन्ती सोचले मौलाएको उच्च वर्गले गर्ने अपहेलित व्यवहारको यथार्थ चित्रण गरिएको,
- उपन्यासमा पूर्वी नेपाली समाजको यथार्थ जनजीवनको चित्रण गरिएको,
- शैक्षिक अवस्थाका आधारमा उपन्यासमा शिक्षित र अशिक्षित दुवै किसिमका पात्रहरूको प्रयोग गरिए तापनि बढी मात्रामा शिक्षित पात्रको बाहुल्यता रहेको,
- लैङ्गिक आधारमा पुरुष र महिलाले प्रयोग गर्ने भाषामा स्पष्ट विभेद रहेको,
- *नम्रता* उपन्यास एक सामाजिक उपन्यास हो । यसमा एउटा उच्च वर्गीय परिवारमा हुर्केकी विवश नारीको कारुणिक अवस्थाको चित्रण गरिएको,
- उपन्यासमा प्रयुक्त भाषाशैली सरल, सहज र सरस हुनुका साथै पात्रहरू स्तरअनुकूल रहेको ।

पूर्वी तराईको उच्च मध्यम वर्गीय परिवारमा हुर्केकी विवश नारीको यथार्थ जीवनसँग सम्बन्धित कथा हो *नम्रता* उपन्यास । उपन्यासमा आफ्नै जन्मदिने बुबाले छोरीप्रति गरेको अभद्र व्यवहारको यथार्थ चित्रण गरिएको छ । आत्मीय सम्बन्धलाई पनि

आर्थिक दृष्टिले हेर्ने सामन्तवादी प्रवृत्तिका विरुद्ध उपन्यासमा व्यङ्ग्य गरिएको छ । आफूले मन पराएको मान्छे नपाउँदा र पारिवारिक सदस्यहरूले गरेको अमानवीय व्यवहारको कारणले मानसिक सन्तुलन गुमाउनुपर्ने कारुणिक अवस्थाको चित्रण गर्दै *नम्रता* उपन्यासको अन्त्य भएको छ ।

## ७.३ उपयोगिता

सामाजिक भाषाविज्ञान भाषाको समाजपरक अध्ययन गर्ने भाषाविज्ञानको नवीनतम शाखा हो । समाजविना भाषाको कुनै पनि किसिमको अध्ययन पूर्ण हुन सक्दैन । त्यसकारण भाषाको महत्त्व समाजमा रहन्छ । समाजविना भाषाको अस्तित्व रहँदैन भने समाजको विकाससँगै भाषाको पनि विकास हुँदै जान्छ । कुनै पनि साहित्यिक कृतिको समाजभाषिक अध्ययन गर्दा समाजमा कसरी मानिसहरू अन्याय, अत्याचारका शिकार हुन्छन् भन्ने कुरा थाहा पाउन उपयोगी हुन्छ । समाजमा हुने वर्गीय विभेद, आत्मविश्वास, रुढीवादी परम्परा र यसले जीवनमा पार्ने प्रत्यक्ष प्रभावलाई कसरी सुधार गर्न सकिन्छ भन्ने कुरा थाहा पाउन उपयोगी हुन्छ । यस शोधकार्यका उपयोगिताहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

### ७.३.१ नीतिगत तह

प्रस्तुत अध्ययन नीतिगत रूपमा सामाजिक परिवेशमा उपयोग गर्न सकिन्छ । यो अध्ययन नीतिगत रूपमा समाजपरक अध्ययनमा केन्द्रित रहेकाले *नम्रता* कृतिमा निहित समाजका आधारबाट नेपाली समाजको विश्लेषण गर्न सकिने देखिन्छ । यसरी नेपाली समाजभित्रका भाषा प्रयोगको अवस्थाको विश्लेषण उक्त कृति मार्फत्बाट अध्ययन गरी सामान्यीकरण गर्न सकिने अवस्था छ । उक्त कृतिमा निहित समाजको भाषा विश्लेषणका आधारबाट वर्ग, लिङ्ग, शिक्षा र उमेर आदिको अध्ययनका आधारमा नेपाली समाज सामान्यीकरण गर्दै सिद्धान्तको परिकल्पना गरी आदर्श समाजको निर्माण गर्न सकिन्छ । समग्रमा यस शोधअध्ययनका नीतिगत तहहरू निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

- पाठ्यक्रमविद्हरूलाई पाठ्यक्रम निर्माण गर्न,
- भाषिक मूल्याङ्कन गर्न,
- शिक्षण विधि र तरिकाहरूको छनोट गर्न,
- शिक्षक तथा विद्यार्थीलाई समाज भाषाविज्ञानको परिचय, सिद्धान्त तथा क्षेत्रबारे जानकारी प्राप्त गर्न,
- उपन्यासमा भाषाको वर्गीय, उमेरगत, लैङ्गिक र शैक्षिक अवस्थाका आधारमा अध्ययन गरिएको भएकाले भाषाका विद्यार्थीहरूलाई शिक्षणका लागि उपयोगी हुनेछ ।

### ७.३.२ प्रयोगगत तह

*नम्रता* उपन्यासको समाजभाषिक अध्ययनले समाजमा भएका विभेद र त्यसले जनजीवनमा पार्ने प्रभावको व्याख्या गरिएको छ । *नम्रता* उपन्यासलाई वर्गीय आधारमा अध्ययन गरिएको छ । यस उपन्यासको समाजभाषिक अध्ययनको शैक्षिक उपयोगलाई हेर्दा भाषिक अध्ययन क्षेत्रलाई बढाएको छ । यसले आउँदो समयमा यस क्षेत्रमा अध्ययन गर्न सहयोग पुऱ्याउने छ । भाषिक क्षेत्रमा नेपाली उपन्यासलाई वर्ग, लिङ्ग, शैक्षिक आधारमा छुट्याउन सहयोग गर्दछ । यसका अतिरिक्त यस अध्ययनका प्रयोगगत तह निम्नानुसार रहेका छन् :

- पाठ्यक्रम निर्माण गर्न,
- पाठ्यक्रम सामग्री निर्माण गर्न,
- भाषिक मूल्याङ्कन गर्न आदि ।

# सन्दर्भसामग्री सूची


अधिकारी, हेमाङ्गराज (२०६७), *सामाजिक र प्रयोगिक भाषाविज्ञान,* काठमाडौँ : रत्नपुस्तक भण्डार ।

अविरल, कृष्ण (२०७३), *नम्रता,* काठमाडौँ : मञ्जरी पब्लिकेसन ।

गिरी, डम्बर (२०७३), '*शब्दातीत शान्तनु* उपन्यासको समाजभाषिक अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

गौतम, देवीप्रसाद र चौलागाईं, प्रेमप्रसाद (२०६७), *भाषाविज्ञान,* काठमाडौँ : पाठ्यसामग्री पसल ।

गौतम, मधुबिना (२०७३), '*आधा जून* उपन्यासको समाजभाषिक अध्ययन', शिक्षा स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

घिमिरे, वासुदेव (२०६५), *समाज भाषाविज्ञान,* काठमाडौँ : वाङ्मय प्रकाशन ।

डुम्रे, राजेन्द्र (२०६५), '*बसाइँ* उपन्यासको समाजभाषिक अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ढकाल, भानुभक्त (२०६९), '*नरेन्द्र दाइ* उपन्यासको समाजभाषिक अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

थापा, दिनबहादुर (२०६९), *समाज भाषाविज्ञान,* काठमाडौँ : काष्ठमण्डप पुस्तक घर ।

पौडेल, निर्मलकुमार (२०७३), '*बाँच्ने एउटा जिन्दगी* उपन्यासको समाजभाषिक अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, प्रताप (२०७०), '*एक चिहान* उपन्यासको समाजभाषिक अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, सुनिता (२०७२), '*पानीको घाम* उपन्यासको समाजभाषिक अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

बन्धु, चूडामणि (२०७०), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

भट्टराई, रामप्रसाद (२०७०), *भाषिक अनुसन्धान विधि परिचय र प्रयोग,* काठमाडौँ : शुभकामना प्रकाशन ।

भण्डारी, पारसमणि र पौड्याल, सालिकराम (२०६८), *सामाजिक र मनोभाषा विज्ञान,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र अन्य (२०६९), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : पिनाकल पब्लिकेशन प्रा.लि. ।

रोका, हिक्मत (२०७०), '*मुलुक बाहिर* उपन्यासको सभाजभाषिक अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

लम्साल, रामचन्द्र र अन्य (२०६९), *सामाजिक भाषाविज्ञान र मनोभाषाविज्ञान,* काठमाडौँ : शुभकामना प्रकाशन ।

सापकोटा, शान्ति (२०७२), '*प्रेतकल्प* उपन्यासको समाजभाषिक अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।